# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २८४ | काठमाडौं | सोमबार, १ फागुन २०७९ | Prabhab National Daily | Monday, February 13, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## चितवन-२ मा उपनिर्वाचन मिति तय

■ जेबी योञ्जन

**काठमाडौं–** निर्वाचन आयोगले चितवन-२ मा उपनिर्वाचनको मिति तोकेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको सांसद पद खारेज भएपछि उनी निर्वाचित भएको उक्त क्षेत्रमा आगामी १० वैशाखमा उपनिर्वाचन गर्ने निर्णय आयोगले गरेको हो ।

सत्तारूढ गठबन्धनको बैठक र उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा उपनिर्वाचनको मिति छिटो तोक्न लामिछानेले दबाब दिइरहेकै बेला आयोगले मिति तोकेको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले उपनिर्वाचनसम्बन्धी कार्यक्रमसमेत स्वीकृत गरेको छ । स्वीकृत कार्यक्रममा मतदाता नामावलीदेखि उम्मेदवारलाई निर्वाचन चिह्न दिनेसम्मका कार्यक्रमहरू समावेश छन् ।

'२०७९ फागुन १ गतेदेखि २०७९ चैत १६ गतेसम्म मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुनेछ,' शर्माले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'उम्मेदवारको मनोनयन दर्ता २०७९ चैत २० गते, उम्मेदवारको विरोधमा उजुरी दिने चैत २१ गते, मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी उम्मेदवारको नामावली प्रकाशन चैत २२ गते र उम्मेदवारको अन्तिम नामावली प्रकाशनसँगै निर्वाचन चिह्न २३ गते प्रदान गरिनेछ ।'

२३ असोजमा लामिछानेले निर्वाचन अधिकृतको कार्यालयमा मनोनयनपत्र दर्ता गराउँदा बुझाएको नेपाली नागरिकताको प्रमाणपत्र सर्वोच्च अदालतले १३ माघमा अवैध ठहर गरेको थियो । त्यससँगै लामिछाने प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा १३ अनुसार प्रतिनिधिसभा सदस्य हुन अयोग्य भएका थिए । प्रतिनिधिसभा सदस्य हुन अयोग्य भएसँगै उनको उपप्रधान तथा गृहमन्त्री पद गुमेको थियो ।

- आगामी १० वैशाखमा उपनिर्वाचन हुने
- रास्वपाबाट रवि नै उम्मेदवार बन्ने
- कांग्रेसबाट उमेश श्रेष्ठ, जीतनारायण श्रेष्ठ र राजेश्वर खनाल तथा एमालेबाट कृष्णभक्त पोखरेल, सुरेन्द्र पाण्डे र प्रदीप ज्ञवाली चर्चामा

तर, उपनिर्वाचनबाट फेरि निर्वाचित भएर संसद् आउने उनको विश्वास छ । यसअघि ४ मंसिरमा भएको निर्वाचनमा उनले प्रतिस्पर्धी तत्कालीन सत्ता गठबन्धनका साझा उम्मेदवार उमेश श्रेष्ठलाई तेब्बरभन्दा बढी मतले पराजित गरेका थिए । उनै लामिछाने रास्वपाबाट (बाँकी पृष्ठ २ मा)

### बजेटको अर्धवार्षिक समीक्षा

# १४ प्रतिशतले घटाइयो आकार

- राजस्व संकलन ५५ वर्षयताकै कमजोर
- ८ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य हासिल नहुने

| शीर्षक | चालु बजेटको लक्ष्य | अर्धवार्षिक समीक्षापछि संशोधन |
|---|---|---|
| बजेटको आकार | १७ खर्ब ९३ अर्ब ८३ करोड | १५ खर्ब ४९ अर्ब ९९ करोड |
| चालु खर्च | ११ खर्ब ८३ अर्ब २३ करोड | १० खर्ब २१ अर्ब ९२ करोड |
| पुँजीगत खर्च | ३ खर्ब ८० अर्ब ३८ करोड | ३ खर्ब १३ अर्ब ८५ करोड |
| वित्तीय व्यवस्था | २ खर्ब ३० अर्ब २१ करोड | २ खर्ब १४ अर्ब २१ करोड |
| राजस्व संकलन | १४ खर्ब ३ अर्ब १४ करोड | १२ खर्ब ४४ अर्ब ७५ करोड |
| वैदेशिक अनुदान | ५५ अर्ब ४५ करोड | ३८ अर्ब ४५ करोड |
| वैदेशिक ऋण | २ खर्ब ४२ अर्ब २६ करोड | १ खर्ब ७० अर्ब ५३ करोड |
| आन्तरिक ऋण | २ खर्ब ५६ अर्ब | १ खर्ब ४० अर्ब |



प्रतिनिधिसभा बैठकमा बजेटको अर्धवार्षिक समीक्षाबारे जानकारी दिँदै उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल । *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** शेरबहादुर देउवा नेतृत्वको पूर्ववर्ती सरकारले चालु आर्थिक वर्ष २०७९/८० को लागि ल्याएको महत्त्वाकांक्षी बजेटको लक्ष्य अन्ततः पूरा नहुने भएको छ । तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले गत जेठ १५ मा १७ खर्ब ९३ अर्ब ८३ करोड रूपैयाँ बराबरको बजेट ल्याएका थिए । उक्त बजेट कार्यान्वयनको सम्भावना नदेखेपछि वर्तमान सरकारले आकार घटाएको छ । चालु बजेटको अर्धवार्षिक समीक्षामार्फत बजेटको आकार करिब साढे दुई खर्ब रूपैयाँले घटाइएको हो ।

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आइतबार प्रतिनिधिसभाको बैठकमा चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै बजेटको आकार दुई खर्ब ४४ अर्ब रूपैयाँले घटाएर १५ खर्ब ४९ अर्ब ९९ करोड रूपैयाँ कायम गरिएको छ । जसअनुसार बजेटको आकार १४ प्रतिशतले घटेको छ ।

तत्कालीन अर्थमन्त्री शर्माले महत्त्वाकांक्षी योजनाहरू राखेर हालसम्मकै ठूलो आकारको बजेट ल्याएका थिए । त्यतिखेर चुनावी सरकारले महत्त्वाकांक्षी योजनासहितको बजेट ल्याउन नमिल्ने भन्दै आलोचनासमेत भएको थियो । किनभने, प्रतिनिधिसभाको निर्वाचनमार्फत नयाँ सरकार आउने निश्चित थियो । गएको ४ मंसिरमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भई वर्तमान (बाँकी पृष्ठ २ मा)

### 'अर्थतन्त्रको समस्या समाधानमा केन्द्रित छु'

**काठमाडौं (प्रस)–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्रको समस्या समाधान गर्न निरन्तर प्रयत्न गर्दै आएको बताए । आफूले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै वित्तीय क्षेत्रमा देखापरेका सम्पूर्ण समस्या समाधान गर्न प्रयास केन्द्रित गरेको उनले बताए ।

'निजी क्षेत्रको व्यावसायिक आत्मविश्वास जोगाउन, सरकार र निजी क्षेत्रबीचको सम्बन्धलाई विश्वसनीय र सहयोगी बनाउन, राजस्व परिचालनमा देखिएको विकृति र विचलनलाई सुधार ल्याउन बजेट कार्यान्वयनमा विद्यमान समस्यामा समाधान गर्न र वित्तीय क्षेत्रमा देखापरेका समग्र (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

## दूतावासहरूमा श्रमिकका लागि छुट्टै 'हेल्प डेस्क'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले विदेशस्थित विभिन्न मुलुकमा रहेका नेपाली दूतावासमा वैदेशिक रोजगारीमा रहेका श्रमिकका लागि छुट्टै 'हेल्प डेस्क' (सहायता कक्ष) राख्ने निर्णय गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनपश्चात् दूतावासहरूमा हेल्प डेस्क राख्ने निर्णय भएको हो ।

**विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिक एवं कामदारको समस्या सम्बोधन गर्न छुट्टै 'फोकल डेस्क'को व्यवस्था गर्ने मन्त्रिपरिषद्को निर्णय**

माघ पहिलो साता प्रधानमन्त्री दाहालले श्रमसचिवसहित मन्त्रालयका उच्च अधिकारीलाई बोलाएर वैदेशिक रोजगारीका क्रममा नेपालीले अनेकौं झमेला र सास्ती भोग्नुपरेको भन्दै समस्या समाधानका लागि डेस्क राख्न निर्देशन दिएका थिए । सोहीअनुसार गृहकार्य थालेको मन्त्रालयले विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिक एवं कामदारको समस्या सम्बोधन गर्न छुट्टै 'फोकल डेस्क' राख्ने निर्णय गरेको मन्त्रालयले जानकारी दिएको छ ।

प्रधानमन्त्रीले दिएको चासो र निर्देशनकै आधारमा गृहकार्य गरेर विदेशमा रहेका नेपाली कामदारका समस्या समाधान गर्न सकियोस् भनेर 'हेल्प डेस्क' राख्ने निर्णय भएको मन्त्रालयका सचिव एकनारायण अर्यालले बताए । 'सरकारको यो निर्णयले विदेशमा रहेका सम्पूर्ण श्रमिकको पेशागत हकहित, सुरक्षा र प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएका छौं,' उनले भने ।

विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिक एवं कामदारको समस्या सम्बोधन गर्न छुट्टै 'फोकल डेस्क'को व्यवस्थासम्बन्धी निर्णय भएको मन्त्रालयले जनाएको छ । 'विभिन्न मुलुकमा कार्यरत नेपाली श्रमिकका समस्यालाई तत्काल सम्बोधन गर्न तथा समस्या समाधानमा थप सहजीकरण गर्नका लागि विदेशस्थित सबै नेपाली नियोगमा श्रमिकहरूका सबै प्रकारका समस्या सम्बोधन, सहजीकरण एवं मन्त्रालयमा प्रतिवेदन गर्न सबै नियोगमा श्रम डेस्क (लेबर डेस्क) स्थापना गरिनेछ,' सरकारले गरेको निर्णयमा भनिएको, 'यसकोप्रभावकारी कार्यान्वयनका लागि यही माघ २५ गते प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरीय निर्णय भएको छ ।'

त्यसैगरी परराष्ट्र मन्त्रालयमासमेत श्रमिकका समस्या समाधानार्थ समन्वय गर्न छुट्टै 'डेडिकेटेड फोकल प्वाइन्ट' तोकी कार्यारम्भ गर्ने निर्णय भएको छ । यसबाट विदेशस्थित विभिन्न मुलुकमा कार्यरत श्रमिकका समस्या तत्काल सम्बोधन हुने अपेक्षा गरिएको छ ।'

## वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमितिले पूर्णता पायो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमितिले पूर्णता पाएको छ । संघका अध्यक्ष राजेन्द्र भण्डारीले चार जना सदस्य मनोनीत गरेसँगै कार्यसमितिले पूर्णता पाएको हो ।

संघको विधानको दफा १७ (१) अनुसार सल्मा एचआर ओभरसिज प्रालिका सञ्चालक सोमबहादुर लामा, पासा इन्टर नेसनल प्रालिका सञ्चालक देवेन्द्रनारायण श्रेष्ठ, मोभिरा एचआर सर्भिस प्रालिका सञ्चालक अनिलकुमार राई र अजित म्यानेजमेन्ट डेभलपमेन्ट कम्पनी प्रालिका सञ्चालक सूर्यकुमार श्रेष्ठलाई सदस्यमा मनोनीत गरिएको संघका महासचिव एवं प्रवक्ता मेघराज भुर्तेलले बताए ।

संघको कार्यसमिति पूर्णतासँगै विभिन्न समिति गठन गरी जिम्मेवारीसमेत तोकिएको छ । संघको कार्यसमिति बैठकले पदाधिकारी तथा सदस्यहरूलाई विभिन्न समितिको जिम्मेवारी सुम्पेको हो । संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्रीको संयोजकत्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय समिति गठन गरिएको भने सदस्यहरूमा वैकुण्ठप्रसाद पौडेल, तोरणकुमार कार्की, अनिलकुमार राई, चन्द्रबहादुर लिम्बू, सोमबहादुर लामा, नारायण भुसाल, देवेन्द्रनारायण श्रेष्ठ र देउमान नेम्बाङ रहेका छन् । उनीहरूलाई श्रम गन्तव्य मुलकहरूमा आइपर्ने समस्या निराकरण लागि समन्वय गर्ने जिम्मेवारी तोकिएको छ ।

यस्तै वैदेशिक रोजगार कार्यालय र प्रहरी ब्युरो हेर्नेगरी द्वितीय उपाध्यक्ष सञ्जु गुरुङको संयोजकत्वमा अर्को समिति गठन भएको छ। यस समितिको सदस्यहरूमा बैकुण्ठप्रसाद पौडेल, चन्द्रबहादुर लिम्बू, कैलाश पाठक, राजेन्द्र बस्नेत र आनन्द कोइराला, बैकुण्ठप्रसाद पौडेल, चन्द्रबहादुर लिम्बू र सूर्यकुमार श्रेष्ठ रहेका छन् । त्यसैगरी तृतीय उपाध्यक्ष रोशन कटुवाललाई अतिरिक्त क्रियाकलाप समितिको संयोजक बनाइएको छ । उक्त समितिमा तोरण कार्की, देवेन्द्र नारायण श्रेष्ठ, देवीमाया थापा र विक्रम श्रेष्ठ सदस्य रहेका छन् । संघको महत्त्वपूर्ण मानिएको वैदेशिक रोजगार विभाग बुद्धनगर समन्वय समितिको संयोजकमा सचिव कर्णराज कटुवाललाई जिम्मेवारी तोकिएको छ । यस समितिको सदस्यहरूमा राजेन्द्र बस्नेत, सोमबहादुर लामा, कैलाश पाठक, देवनारायण श्रेष्ठ, चन्द्रबहादुर लिम्बू, आनन्द कोइराला, देवीमाया थापा र नारायण भुसाल रहेका छन् । संघको प्रवक्तामा महासचिव मेघनाथ भुर्तेललाई जिम्मेवारी दिइएको छ ।

यसैगरी संघको कार्यसमिति बैठकले वैदेशिक रोजगार बोर्डको सदस्य नियुक्तिका लागि कोषाध्यक्ष सरिता घलेलाई पठाउने सिफारिस गरेको छ । संघले सिफरिस गरेको प्रतिनिधिलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीले बोर्ड सदस्यमा नियुक्त गर्ने प्रावधान रहेको छ भने संघका अध्यक्ष बोर्डको पदेन सदस्य हुने व्यवस्था छ । महासचिव एवम् प्रवक्ता भुर्तेलले संघको कार्यसमितिले पूर्णता पाएसँगै देखिनेगरी केही कार्यहरू भएको भन्दै निर्वाचनका क्रममा व्यवसायीमाझ गरेका प्रतिवद्धताअनुसार वैदेशिक रोजगारका क्षेत्रमा सुधारका लागि गृहकार्य भइरहेको बताए । उनले सोही नीतिअनुरूप संघले परिणाम देखाउनेगरी काम गर्न विभिन्न समिति गठन गरी पदाधिकारी तथा सदस्यहरूलाई जिम्मेवारी तोकिएको जानकारी दिए ।




# आज 'जनयुद्ध दिवस'को सार्वजनिक बिदा

**काठमाडौं (प्रस)–** सरकारले आज (फागुन १ गते) जनयुद्ध दिवसका रूपमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको हो ।

बैठकले नेपालको राजनीतिक परिवर्तनमा जनयुद्धले पुर्‍याएको योगदानको कदर गर्दै सार्वजनिक बिदा दिने घोषणा गरेको प्रधानमन्त्री पुष्पकमल दाहालका प्रेसविज्ञ मनहरि तिमिल्सिनाले जानकारी दिए । वि.सं. २०५२ फागुन १ गतेदेखि सुरू भएको जनयुद्ध २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा रूपान्तरण भएको थियो । त्यही जनयुद्धको जगमा नेपालमा राजनीतिक परिवर्तन सम्भव भएको थियो भने गणतन्त्र, संघीय प्रणाली, समावेशी लोकतन्त्र, सामाजिक न्यायजस्ता उपलब्धि जनयुद्ध र जनआन्दोलनको बलमा नै स्थापित भएका थिए ।

जनयुद्धको नेतृत्वकर्ता पार्टी माओवादी केन्द्रले प्रत्येक वर्ष फागुन १ गतेलाई जनयुद्ध दिवसको रूपमा मनाउँदै आएको छ । परिवर्तनका पक्षमा भएका सबै आन्दोलन र क्रान्तिको सम्मानमा सरकारले सार्वजनिक बिदा दिने निर्णय लिएको हो । यसअघि पुस २७ लाई राष्ट्रिय एकता दिवसका रूपमा सरकारले सार्वजनिक बिदा दिएको थियो ।

यसैबीच जनयुद्ध दिवसको अवसरमा सार्वजनिक बिदा दिने निर्णयको सर्वत्र विरोध भएको छ । यद्यपि, माओवादी निकटहरूले भने यसको स्वागत गरेको छ । सत्ता गठबन्धनभित्रै यो निर्णयलाई लिएर मतभेद देखिएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका मन्त्रीहरूले आइतबार मन्त्रीपरिषद् बैठक नै बहिष्कार गरेका छन् । राप्रपा त्यही पार्टी हो जसले पुस २७ मा राष्ट्रिय एकता दिवसको बिदा दिन प्रधानमन्त्री दाहाललाई दबाब दिएको थियो । राप्रपाकै दबाबमो उक्त दिन बिदा दिने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो ।

## चितवन–२ मा...

पृष्ठ १ बाट जारी

उपनिर्वाचनमा उम्मेदवार बन्ने तयारीमा छन् । उनले यसअघि नै भनिसकेका छन्, 'मसँग चितवन-२ मा चुनाव लड्न आए हुन्छ। लडौं।'

उनको चितवन-२ मा जनमत राम्रो छ । पार्टीबाट अन्य उम्मेदवार त्यति बलिया छैनन् । त्यही भएर लामिछाने त्यहींको जनमतले संसद् आउन चाहेका हुन् । लामिछानेले आइतबार प्रधानमन्त्री पुष्पकमल दाहाल, एमाले अध्यक्ष केपी शर्मा ओली, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनसहित उपस्थित उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा उपनिर्वाचनको मिति तोक्न ढिला गर्न नहुने भन्दै दबाब दिएका थिए। नभन्दै केहीबेरमै आयोगको बैठकले मिति तोकेको हो।

रास्वपाका सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले पत्रकारहरूलाई दिएको जानकारीअनुसार उक्त पार्टीबाट लामिछाने नै उम्मेदवार हुने छन् । उनले भने, 'पार्टीको तर्फबाट सभापति रविजी नै उम्मेदवार बन्नुहुन्छ । उहाँ हाम्रो लिडर हो, उहाँकै क्षेत्रमा अरु उठ्ने कुरा रहेन ।'

लामिछाने विरुद्ध राहदानीसम्बन्धी जाहेरी सरकारी वकिल कार्यालयमा परेको छ । अदालतमा अभियोगपत्रसहित मुद्दा दायर हुन भने बाँकी छ । यस्तो अवस्थामा लामिछाने उम्मेदवार बन्न पाउँछन् कि पाउँदैनन् ? एकातिर प्रश्न उठेको छ ।

वरिष्ठ अधिवक्ता महेश नेपाल रविले उम्मेदवार हुन पाउने तर्क गर्छन् । 'मुद्दा अदालतमा पुगेको छैन । अनुसन्धानको क्रममा नै छ । अनुसन्धान त जोविरुद्ध पनि हुन्छ,' उनले प्रभावसँग भने, 'अनुसन्धानको क्रममा अभियोगसँग सम्बन्धित प्रमाण फेला नपरे छाडिने हुन्छ । त्यस आधारमा रवि जाहेरी परेकै कारण उम्मेदवार बन्न नपाउने भन्ने हुँदैन ।'

रविसँग निर्वाचनमा प्रतिस्पर्धा गर्ने कांग्रेस उम्मेदवारको टुंगो लाग्न बाँकी छ । कांग्रेस संसदीय बोर्डको बैठकले उम्मेदवारको टुंगो लगाउने गर्दछ । तर, रविसँगको प्रतिस्पर्धामा यसअघि निकटतम प्रतिद्वन्द्वी भएका उमेश श्रेष्ठले फेरि उम्मेदवार बन्न इच्छा प्रकट गरेका छन् । 'जे गर्न परे पनि गर्छु तर चितवन-२ मा फेरि पनि मै हुँ उम्मेदवार । पार्टीको निर्णय पनि कुर्छु,' उनले पत्रकार हरूलाई भनिसकेका छन् ।

श्रेष्ठसँगै त्यहाँका पार्टी सभापति राजेश्वर खनाल र निवर्तमान सभापति जीतनारायण श्रेष्ठ पनि आकांक्षी हुन्। अर्को दल नेकपा एमालेबाट रविसँग निर्वाचनमा प्रतिस्पर्धा गरेका पूर्वसांसद कृष्णभक्त पोखरेलको उम्मेदवार बन्ने सम्भावना बढी रहेको चर्चा छ । उनीबाहेक पूर्वमन्त्रीहरू सुरेन्द्र पाण्डे र प्रदीप ज्ञवालीलाई अध्यक्ष ओलीले उम्मेदवार बनाउन सक्ने पनि कतिपयको अड्कल छ । गत ४ मंसिरको निर्वाचनमा भने एमाले उम्मेदवार पोखरेल तेस्रो भएका थिए ।

हाल रविको दल रास्वपा, एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमतसँगै नागरिक उन्मुक्ति पार्टी सत्तारूढ गठबन्धनमा छन् ।

गएको निर्वाचनमा भने सत्ता गठबन्धनको उम्मेदवारविरुद्ध गठबन्धनबाहिरका उम्मेदवारबीच प्रतिस्पर्धा भएको थियो । यसपटक गठबन्धनले साझा उम्मेदवार रविलाई बनाउँछ कि गठबन्धनकै अन्य दलहरूबाट पनि उम्मेदवार हुन्छन् ? निर्क्योल भएको छैन ।

### अनुसन्धानको घेरामा रवि

सरकारी वकिल कार्यालय काठमाडौंमा लामिछानेको राहदानीबारेको जाहेरी दर्तापछि नेपाल प्रहरीले अनुसन्धान थालेको छ । जाहेरीकर्ता युवराज पौडेल (सफल हुन् ।

काठमाडौं प्रहरी परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दानबहादुर काफ्लेका अनुसार जोहरी र यसअघि परेको नागरिकतासम्बन्धी उजुरीलाई सँगै राखेर अनुसन्धान थालिएको हो ।

सफलले राहदानीसम्बन्धी कसूरमा लामिछानेलाई पाँच वर्ष कैद सजाय माग गरेका छन् । अवैध नागरिकताको प्रयोग गरेर नेपाली राहदानी लिएको र त्यसको दुरूपयोग गरेको जिकिर सफलको छ ।

उनले १७ माघमा लामिछानेविरुद्ध काठमाडौं प्रहरी परिसरमा उजुरी दिन खोजेका थिए। तर, प्रहरीले उजुरी लिएन। सर्वोच्च अदालतले १३ माघमा गरेको फैसलाको पूर्णपाठ नआएको प्रहरीको बहाना थियो। अन्ततः सफलले सरकारी वकिल कार्यालयमा जाहेरी दर्ता गराएका हुन् ।

## १४ प्रतिशतले...

पृष्ठ १ बाट जारी

सरकार आएको हो ।

चालु खर्चतर्फ ११ खर्ब ८३ अर्ब २३ करोड रूपैयाँ विनियोजन गरिएको थियो । त्यसलाई घटाएर १० खर्ब २१ अर्ब ९२ करोड रूपैयाँमा झारिएको छ। जुन सुरुआती विनियोजनको ८६.३७ प्रतिशत बराबर हो। त्यसैगरी पुँजीगत खर्चतर्फ तीन खर्ब ८० अर्ब ३८ करोड रूपैयाँ बराबर सुरुआती विनियोजन रहेकोमा त्यसलाई घटाएर तीन खर्ब १३ अर्ब ८५ करोड रूपैयाँमा झारिएको छ। जुन सुरुआती विनियोजनको ८२.५१ प्रतिशत बराबर हो।

यसैगरी वित्तीय व्यवस्थातर्फ दुई खर्ब ३० अर्ब २१ करोड रूपैयाँ बराबर सुरुआती विनियोजन रहेकोमा त्यसलाई घटाएर दुई खर्ब १४ अर्ब २१ करोड रूपैयाँमा झारिएको छ । जुन सुरु विनियोजनको ९३.०५ प्रतिशत बराबर हो।

### राजस्व संकलन ५५ वर्षयताकै कमजोर

अर्थमन्त्री पौडेलले ५५ वर्षपछि यस वर्षको राजस्व संकलनको वृद्धिदर अघिल्लो वर्षभन्दा निकै कमजोर भएको बताएका छन्। चालु आर्थिक वर्ष २०७९/८० को बजेट ल्याउँदा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले साउनदेखि पुस मसान्तसम्मको राजस्व संकलनको लक्ष्य छ खर्ब ५१ अर्ब ८२ करोड रूपैयाँ तोकेका थिए।

तर, अर्थमन्त्री पौडेलले यो छ महिनामा चार खर्ब ९० अर्ब चार करोड रूपैयाँ मात्र राजस्व संकलन भएको जानकारी दिए। यो अंक गत आर्थिक वर्षको यसै अवधिमा संकलन भएको राजस्वभन्दा पनि १५ प्रतिशत कम हो । 'राजस्वमा यस्तो खालको नकारात्मक वृद्धिदर आर्थिक वर्ष २०२४/२५ पछि पहिलोपटक हुन पुगेको छ,' उनले भने।

सरकारले चालु आवमा १४ खर्ब तीन अर्ब १४ करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा समीक्षामाफत् १२ खर्ब ४४ अर्ब ७५ करोड रूपैयाँमा झारिएको छ । जुन सुरुआती अनुमानको ८८.७१ प्रतिशत हो। संशोधित अनुमान गरिएको राजस्वमध्ये नेपाल सरकारबाट ११ खर्ब एक अर्ब रूपैयाँ परिचालन हुने र एक खर्ब ४३ अर्ब ७५ करोड रूपैयाँ प्रदेश र स्थानीय तहलाई बाँडफाँट हुने अनुमान गरिएको छ । वैदेशिक अनुदानतर्फ ५५ अर्ब ४५ करोड रूपैयाँको लक्ष्य राखिएकोमा संशोधनमार्फत ३८ अर्ब ४५ करोडमा सीमित गरिएको छ । यसैगरी वैदेशिक ऋण दुई खर्ब ४२ अर्ब २६ करोड रूपैयाँ परिचालन गर्ने लक्ष्य राखिएकोमा घटाएर एक खर्ब ७० अर्ब ५३ करोड रूपैयाँ कायम गरिएको छ।

आन्तरिक ऋणको लक्ष्य पनि घटाएर दुई खर्ब ४० अर्ब रूपैयाँ बनाइएको छ। यसअघि बजेटमा दुई खर्ब ५६ अर्ब रूपैयाँ बराबर आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखिएको थियो।

### आर्थिक वृद्धिको लक्ष्य पूरा नहुने

सरकारले चालु आर्थिक वर्षका लागि राखेको आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न नसक्ने भएको छ। बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले बजेटले राखेको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न नसकिने बताएका हुन्।

'अर्थतन्त्रको विद्यमान प्रवृत्ति आकलन गर्दा आठ प्रतिशतले आर्थिक वृद्धिदर हासिल गर्ने चालु आर्थिक वर्षको लक्ष्य पूरा हुने देखिँदैन,' अर्थमन्त्री पौडेलले भने । कृषितर्फ धानको उत्पादनमा यस वर्ष केही वृद्धि हुने अनुमान रहेको र पर्यटन क्षेत्र क्रमशः सुधार हुँदै जानु सकारात्मक पक्ष भए पनि उत्पादनमूलक उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन गर्न नसकिएकाले आर्थिक वृद्धिदरमा सुस्तता आएको अर्थमन्त्री पौडेलले बताए।

त्यस्तै, चालु आर्थिक वर्षका लागि मूल्यवृद्धिमा राखिएको वाञ्छित सीमा नाघेको छ। 'चालु आर्थिक वर्षमा मुद्रास्फीतिलाई सात प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा गत पुस मसान्तसम्म आइपुग्दा उपभोक्ता मूल्य सूचकांकमा आधारित वार्षिक बिन्दुगत मुद्रास्फीति ७.२६ प्रतिशत पुगेको छ,' अर्थमन्त्री पौडेलले प्रतिनिधिसभा बैठकमा भने।

## अर्थतन्त्रको समस्या...

पृष्ठ १ बाट जारी

समस्या समाधान गर्न प्रयास केन्द्रित गरेको छु,' उनले भने, 'तथापि, संरचनागत सीमितता र केही अन्तर्राष्ट्रिय असरका कारण सुधारका प्रयासले ठोस् नतिजा दिन समय लाग्ने देखिएको छ।'

उपप्रधानमन्त्री पौडेलले बजेट सन्तुलन कायम गर्ने, खर्चको प्राथमिकीकरणको गुणस्तर बढाउने पुँजीगत खर्च वृद्धिमा जोड दिने, अत्यावश्यक बाहेकका खर्च कटौती गरी मितव्ययिता कायम गर्ने तथा राजस्व प्रशासनलाई चुस्त दुरुस्त बनाउने, कर परिपालना बढाउने र चुहावटमा कडाइ गर्ने नीति लिएको पनि सदनलाई जानकारी गराए।

वर्तमान सरकारले जिम्मेवारी सम्हाल्दाको अवस्थामा विश्व अर्थतन्त्रमा देखापरेको नकारात्मक प्रवृत्तिहरू र हाम्रा आन्तरिक कारणले सिर्जित चुनौतीले गर्दा अर्थतन्त्रका विभिन्न परिसूचक जोखिमपूर्ण अवस्थामा रहेको उनको भनाइ छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र**
काठमाण्डौं

### वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको प्रशासकीय भवन निर्माणको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

प्रकाशन मिती: २०७९/११/०१

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, मध्य बानेश्वर, काठमाडौं, नेपाल |
| प्रस्तावको व्यहोरा | आयोजनाको नामः वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको केन्द्रिय प्रशासकीय भवन<br>स्थान- काठमाण्डौं महानगरपालिका- ११, बबरमहल<br>जमिनको विवरणः कित्ता नं. १२६, क्षेत्रफल- ११५० व.मि.<br>तला संख्या-वेसमेन्ट बाहेक ८ तला, वेसमेन्टको संख्या- २<br>भवनहरुको तल्लाको कुल क्षेत्रफलः ३८४५.४ वर्ग मिटर<br>प्रस्तावित भवन निर्माण परिसरको दक्षिण पट्टी काठमाडौं जिल्ला अदालत, पूर्व पट्टी जल तथा मौसम विज्ञान विभाग, पश्चिम पट्टी सडक विभाग र उत्तर पट्टी खाद्य प्रविधि र गुणस्तर नियन्त्रण विभाग |
| प्रभाव पर्ने जिल्ला, स्थानीय तह र वार्ड | काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. ११ |

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा ५ र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम यस प्रस्तावको कार्यन्वयनको क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्ताब संग सरोकार राख्ने सरोकारवालाहरुसग अन्तरक्रिया गर्न सार्बजनिक सुनुवाई गर्नु पर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान र समयमा सार्बजनिक सुनुवाई कार्यक्रम हुने भएकाले सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमुल्य राय तथा सुझाहरु दिनु हुन अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

स्थान : काठमाण्डौं महानगरपालिका, वडा नं. ११, भवन निर्माण स्थल
मिती : २०७९/११/०७
समय : अपरान्ह २ बजे


## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMW ALASALAT INVESTMENT

पूर्व स्वीकृति मिति २०७९/०७/२३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 275110 | चलानी नं. ६०१९१३६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner-public Buildings | 0 | 10 | 120 | ४०,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Public Building Cleaner | 20 | 0 | 100 | ३३,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Care Professional Service Pvt.Ltd.**
Dhumbarahi, Kathmandu, Nepal Phone : +997-1-4439821, 4417142
Fax: +977-1-4439821 E-mail: info@cpsn.com.np
श्रम ईजाजत नं. १३०८/०७४/०७५



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PEARLING SEASON INTERNATIONAL SCHOOL

पूर्व स्वीकृति मिति :२०७९/०७/१४ | पूर्व स्वीकृति मिति :२०७९/१०/२९ | LT. No.274439 | चलानी नं. ६०१९०२५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 1 | 0 | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Habib International Pvt. Ltd.** श्रम ईजाजत नं. ८०२/०६५/०६६
Lalitpur-15, Satdobato. Nepal. Tel.: +977-01-5548070, 5548071, Fax: +977-01-5548069



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJID ABDUL MAJEED AL FARAJ FOR GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०५/२२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 271360 | चलानी नं. ६०१८७१४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 1 | 0 | 1500 | ५२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः १०,०००

कम्पनी : M/S KHALID SAEED BIN MOHAMMED AL QAHTANI GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 274365 | चलानी नं. ६०१९०२६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Drivers | 2 | 0 | 1800 | ६३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SPECIAL SQUAD SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 276179 | चलानी नं. ६०१९१९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कुवेत/युएई/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOHL AND DERM SALON FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति २०७९/१०/२९ | LT No :280832 | चलानी नं. ६०१९६४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 150 | ६४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Pedicure & Manicure | 0 | 3 | 150 | ६४,९०० | | | | | | | |

कम्पनी : N DOT K BEAUTY LOUNGE

पूर्व स्वीकृति मिति २०७८/०९/२६ | पुन विज्ञापन स्वीकृति मितिः २०७९/१०/२९ | LT No :255885 | चलानी नं. ६०१७२४७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicurist | 0 | 8 | 1800 | ६४,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Clerk | 0 | 2 | 1800 | ६४,६७५ | | | | | | | |

कम्पनी : SUPER FORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२० | पुन विज्ञापन स्वीकृति मितिः २०७९/१०/२९ | LT No :270878 | चलानी नं. ६०१८६९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 73 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं.१, झापा, नेपाल

### झापा गाउँपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश

• जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । • खानेपानीका मुहानहरु सदैव सफा राखौं । जथाभावी फोहोर नफालौं । • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । • चर्पीमा मात्र दिसापिसाब गरौं । • सफासँग हात धोएर खाना खाने गरौं । • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । • सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । • जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । • व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । • समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । • गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । • राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । • घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । • गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी / उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट ( हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने ( पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# आठ करोडको सिटी हल प्रयोगविहीन



**दोधारा चाँदनी-** कञ्चनपुरको महेन्द्रनगरस्थित निर्माण भएको सभागृह (सिटी हल) प्रयोगविहीन बनेको छ। २०७५ सालमा निर्माण सम्पन्न भएको उक्त सभागृह हालसम्म प्रयोगमा आउन सकेको छैन । तीनतले सुविधा सम्पन्न सभागृहमा तीन हलका साथै चेन्जिङ रुम र अन्डरग्राउण्ड पार्किङको सुविधा पनि छ । सञ्चालनमा नआउँदा चर्को भाडा तिरेर निजी हल, होटेल प्रयोग गर्नुपरेको स्थानीयको गुनासो छ ।

तत्कालीन महेन्द्रनगर नगर विकास समितिले आठ करोड रूपैयाँको लगानीमा निर्माण गरिएको सभागृह अहिले भीमदत्त नगरपालिका मातहत छ । नगरपालिकाका सूचना अधिकारी हरिसिंह धामीले सभागृह जुन उद्देश्यले निर्माण गरिएको थियो सो उद्देश्यबमोजिम प्रयोगमा आउन नसकेको बताए । 'अहिले नगरपालिकाले भूमिहीन र सुकुम्बासीहरूको लगत लिने एकाइका रूपमा सञ्चालन गरिराखेका छौं,' उनले भने, 'यसका लागि छुट्टै कार्यविधि बनाएर सञ्चालन गर्ने तयारी गरेका छौं ।' उक्त सभागृह सञ्चालनका लागि नगरपालिकासँग ठोस कार्ययोजना नहुँदा सञ्चालनमा आउन सकेको छैन ।

हालसम्म नगरपालिकाले सभागृह सञ्चालनका लागि आवश्यक मापदण्ड नै तयार गर्न सकेको छैन । स्थानीय कृष्ण भट्टले राज्यको करोडौं रकम खर्चेर निर्माण गरिएको सभागृह तत्काल सञ्चालनमा ल्याउनुपर्ने बताए । 'महेन्द्रनगरमा कुनै कार्यक्रमको आयोजना गर्नुपर्‍यो भने चर्को शुल्क तिरेर होटेलमा जानुपर्ने बाध्यता छ,' उनले भने, 'नगरपालिकाले कार्यविधि बनाएर तत्काल सभागृह सञ्चालनमा ल्याउनुपर्छ ।'

पूर्वपश्चिम राजमार्गसँगै जोडिएको साढे पाँच बिघा जमिन क्षेत्रफलमा सभागृह निर्माण गरिएको छ । अपांगतामैत्री सभागृह एक हजार जना अटाउने क्षमताको छ। यहाँका स्थानीयले भने सभागृह जुन प्रयोजनका लागि बनेको हो त्यही प्रयोजनमा ल्याउनुपर्ने बताएका छन् । 'सभागृहमा अन्य कार्यालय सञ्चालन गर्नुभन्दा जुन प्रयोजनका लागि बनेको हो त्यही प्रयोगमा ल्याउनुपर्छ,' स्थानीय नरेश पाण्डेयले भने, 'सभागृह महेन्द्रनगरको आवश्यकता भएरै निर्माण गरिएको हो, हालसम्म सञ्चालनमा आउन नसक्नु दुःखद हो ।'

विसं २०६५ मा श्यामसुन्दर र गौरी पार्वती जेभी निर्माण कम्पनीसँग दुई वर्षभित्र काम सक्नेगरी छ करोड ८१ लाख रूपैयाँमा सभागृह निर्माणका लागि ठेक्का सम्झौता भएको थियो । सम्झौता हुँदाको लागत अनुमान र डिजाइन परिवर्तन भएपछि ठेक्का रकम एक करोड ७० लाख रूपैयाँ बढाएर आठ करोड ५१ लाख रूपैयाँमा सभागृह निर्माण सम्पन्न भएको थियो । *रासस*

## झापा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं.१, झापा, नेपाल

## झापा गाउँपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश

**यस गाउँपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रुपमा योजनाबाट तबरले कार्यसञ्चालन गर्दै आएको छ । आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ । आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन् । बालबालिकाहरुका लागि आवश्यक पर्ने सेवाहरुको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरुलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि बनाउन बालबालिकाहरुमा लगानी गर्द बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान यस गाउँपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ।**

- जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरूलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं ।
- सबै बालबालिकाहरूलाई पोषणयुक्त खानेकुरा खुवाऔं ।
- ५ वर्ष मुनिका बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं ।
- गर्भवती आमाहरूलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकर्मीबाट गराऔं ।
- सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा, ३ दिनमा र ७ दिनमा) ।
- गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं ।
- चर्पीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं ।
- पाँच वर्ष पुगेको सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय भर्ना गराऔं ।
- आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं ।
- आफू र आफ्ना बालबालिकाहरूको सरसफाईमा विशेष ध्यान दिऔं ।
- स्थानीय तहका सबै क्षेत्र र निकायहरूमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं ।
- बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं ।
- छोरीछोरालाई पूर्णरूपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र बालमैत्री स्थानीय शासनयुक्त यस गाउँपालिका बनाउँदै सम्भयताको परिचय दिऔं ।

# लुम्बिनीको मुख्य न्यायाधिवक्तामा पौडेल

**देउखुरी (प्रस)-** लुम्बिनी प्रदेश सरकारको मुख्य न्यायाधिवक्तामा अधिवक्ता खुमकान्त पौडेल नियुक्त भएका छन् । मुख्यमन्त्री लीला गिरीले उनलाई आइतबार उक्त पदमा नियुक्त गरेका हुन् । मुख्य न्यायाधिवक्ता पौडेलले आइतबारै शपथ लिएका छन् ।

प्रदेश सरकारका मुख्य कानुनी सल्लाहकार मानिने मुख्य न्यायधिवक्ताले संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको अन्य अधिकारीलाई राय सल्लाह दिनुपर्ने हुन्छ। मुख्य न्यायाधिवक्ताले कार्यभार सम्हाल्नुअघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतका मुख्य न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

रूपन्देहीको तिलोत्तमा नगरपालिका-३ स्थायी निवासी मुख्य न्यायाधिवक्ता पौडेल यसअघि लुम्बिनी प्रदेश सरकारका कानुन आयोगको सदस्य र कानुन कार्यदलको सदस्यको जिम्मेवारीमा थिए । अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र समाजशास्त्र विषयमा स्नात्तकोत्तर गरेका उनले विगत २३ वर्षदेखि कानुन व्यवसायीको रूपमा काम गर्नाका साथै त्रिभुवन विश्वविद्यालयअन्तर्गत बुटवल बहुमुखी क्याम्पसमा समाजसास्त्र विषय प्राध्यापन पनि गर्दै आएका थिए ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक बिकास मन्त्रालय
## शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय कञ्चनपुर

## सूचना रद्ध गरीएको वारे

यस कार्यालयको मिति २०७९ / १० / २० गते प्रकासित वोलपत्र अनुसार भम्केनी धाममा छात्रावास निर्माण, रिगौना खेलमैदानको अधुरो कर्वडहल निर्माण र भृकुटी मा.वी. छात्रावास भवन निर्माण को लागि ३० दिने सूचना जारी भएकोमा मन्त्रालयबाट बजेट थप घट भई आएकोले र प्राविधिक समस्याका कारण इविड मा अपलोड हुन नसकेका कारण उक्त सूचना रद्ध गरिएको व्यहोरा सम्वन्धीत सरोकारवाला सबैलाई जानकारी गरीन्छ ।

**कार्यालय प्रमुख**

## बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/०१**

यस महादेव सामुदायिक वनबाट आ.व. २०७८/०७९ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम रूख संकलन भई उत्पादन भएको बाघखोर, हरिहरपुरगढी गा.पा.-५ स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल जातका गोलिया थान १५४ को १३५९.५२ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भई सालबसाली नविकरण गरेका ईच्छुक वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचिकृत उद्योगले यो सूचना यस राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दर्ता दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । विस्तृत व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री महादेव सामुदायिक वन उपभोक्ता समूह,
हरिहरपुरगढी गा.पा.-४ र ५, सिन्धुली**

## सूचना ! सूचना ! सूचना !
## ठाउँ सारी गरेको सम्बन्धमा

यस ॐ मानव शान्ति बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७९/०८/१९ गते बसेको बैठकको निर्णय अनुसार का.म.न.पा.-१४ मा रहेको कार्यालयलाई का.म.न.पा.-१२ टेकूमा ठाउँ सारी गरिएको जानकारी यसै सूचना मार्फत सबै शेयर सदस्यहरुलाई जानकारी गराउँदछौं ।

**विदुर शर्मा पोखरेल**
**सचिव**
**ॐ मानव शान्ति बचत तथा ऋण सहकारी संस्था लि.**
**का.म.न.पा.१२ टेकू काठमाडौं ।**


## फ्रि भिषा !! फ्रि टिकट !!
## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOMIE HOLDINGS SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 280892 | चलानी नं. ६०१९६४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ROKONMA (M) SB
पूर्व स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 280893 | चलानी नं. ६०१९६४२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०९७/०७३/०७४
**Sandiya Human Resources Pvt. Ltd.**
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARGAN ALBIDA'A HOTEL AND RESORT
पुर्व स्वीकृति मिति :२०७९/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 265835 | चलानी नं.६०१८१७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 5 | 0 | 125 | ५०,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | HK Attendant | 10 | 10 | 100 | ४१,३५५ | | | | | | | |
| 3 | Life Guard | 5 | 0 | 125 | ५०,९६५ | | | | | | | |

कम्पनी : GENOA PLASTIC INDUSTRIES KUWAIT
पुर्व स्वीकृति मिति : २०७९/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 268801 | चलानी नं.६०१८४५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 150 | ६२,०३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/labor/cleaner | 60 | 0 | 100 | ४१,३५५ | | | | | | | |
| 3 | Storekeeper / Admin | 15 | 0 | 150 | ६२,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMCO TRADING AND CONTRACTING CO. WLL...
पूर्व स्वीकृति मिति २०७९/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 274202 | चलानी नं. ६०१९०४७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforce Fitter | 50 | 0 | 1100 | ३९,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JULIAN PIE BAKERY COMPANY FOR PIES PASTRIES & DESSERTS
पुर्व स्वीकृति मिति २०७९/१०/२७ | LT No.280840 | चलानी नं. ६०१९६४०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery, Pies, Pastries, Deserts Maker | 10 | 0 | 140 | ६०,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६४/०५६/०५७
**SUN AND COMPANY PVT. LTD.**
GPO Box: 4302, Dhumbarahi, Kathmandu, Nepal Tel : +997-1-4375649, 4376170
Fax : +997-1-4376145 E-Mail : sun@mail.com.np, bigyan48@yahoo.com
Website : www.sunandcom.com



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FRIZZ STATION SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/१०/२९ | LT. No. :274711 | चलानी नं. ६०१९०३८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : L & T HYDROCARBON SAUDI COMPANY
पूर्व स्वीकृति मिति : २०७९/०८/२० | पुन विज्ञापन स्वीकृति मिति: २०७९/१०/२९ | LT. No. 277147 | चलानी नं. ६०१९२९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 14 | 0 | 1000 | ३५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PCA GROUP SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०४/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 268336 | चलानी नं.६०१८४२६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 29 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : REGALA SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 276331 | चलानी नं.६०१९२२५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 13 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WANGSAGA INDURSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 271767 | चलानी नं. ६०१८७६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 13 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जनयुद्ध दिवसः
## व्यवस्था मात्र होइन अब अवस्था पनि फेरियोस्

२०५२ फागुन १ गते मुलुकमा तत्कालीन नेकपा माओवादीले सरकारविरुद्ध सशस्त्र विद्रोहको सुरुआत गरेको दिन । माओवादीले हरेक वर्ष फागुन १ गतेलाई जनयुद्धका दिवसमा रूपमा मनाउँदै आइरहेको छ। तर, यो पटक भने माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले सार्वजनिक बिदा घोषणा गरी आमनेपालीलाई जनयुद्ध दिवस मनाउन बाध्य बनाएको छ ।

नयाँ जनवादी व्यवस्था कायम गर्नका लागि भन्दै सञ्चालन गरिएको १० वर्षे सशस्त्र विद्रोहका क्रममा करिब १७ हजार नागरिकले ज्यान गुमाए । हजारौं नागरिक अंगभंग भए। देशमा लोकतन्त्र स्थापना भयो। लोकतन्त्र हुँदै मुलुकलाई संघीय गणतन्त्र नेपालको रूपमा स्थापित गरियो। ३३ वर्ष पार्टीको नेतृत्व र १० वर्षको सशस्त्र युद्धको नेतृत्व गरेका दाहाल जनयुद्ध सुरुआत भएको २७ वर्ष आइपुग्दा तेस्रो पटक प्रधानमन्त्रीका रूपमा सत्तामा विराजमान छन् ।

यही क्रममा उनले फागुन १ गतेलाई जनयुद्ध दिवस सरकारी तवरबाट नै मनाउनेगरी सार्वजनिक बिदा दिने निर्णय मन्त्रिपरिषद्बाट नै गर्न सफल भए । विगतको सरकारको भाषामा सशस्त्र विद्रोह र वर्तमान माओवादी नेतृत्वको सरकारको भाषामा जनयुद्ध दिवसका अवसरमा सार्वजनिक बिदा दिने सरकारी निर्णयको चौतर्फीरूपमा चर्चा र बहस हुन थालेको छ। सत्ता साझेदारले विरोध गरी मन्त्रीपरिषद् बैठक नै बहिष्कार गरेको छ ।

जनयुद्ध दिवसमा सरकारी बिदा दिएर सरकारले के उपलब्धि हासिल गर्न खोजेको छ भन्ने प्रस्ट बुझ्न सकिएको छैन । हो, जनयुद्धको बलमा मुलुकमा २४० वर्षदेखिको राजतन्त्र अन्त्य गरी गणतन्त्त स्थापना भयो। लामो इतिहास रचेको राजतन्त्रात्मक व्यवस्था फेरियो तर, आमनेपाली जनताको अवस्था फेरिएन । व्यवस्था फेरिएको अवस्था नफेरिएको वर्तमान परिवेशमा जनयुद्ध दिवस भन्दै सरकारी बिदा नै दिनु कति न्यायोचित होला ? सरकारमा सामेल दलहरूले जनयुद्ध दिवसका दिनमा पनि सरकारी बिदा दिने निर्णयलाई स्वीकार गर्नु कति उचित थियो होला ?

यदि नेकपा एमाले सरकारमा नरहेको अवस्था थियो भने के जनयुद्ध दिवसलाई राष्ट्रिय दिवसको रूपमा मनाउने निर्णय स्वीकार गर्थ्यो होला ? राष्ट्रपतिको निर्वाचन नजिक नभएको भए कांग्रेसले यसैगरी मौन समर्थन गर्थ्यो ? प्रश्नै प्रश्नमा पनि सरकारले जनयुद्ध दिवस राष्ट्रिय पर्वको रूपमा मनाउने निर्णय गरेको छ। सरकारको नेतृत्व गरिरहेको माओवादी नेतृत्वका लागि यो सार्वजनिक बिदा ऐतिहासिक निर्णय हुनेछ । अब हरेक वर्ष यसैगरी जनयुद्ध दिवस फागुन १ गते सार्वजनिक बिदासहित नेपाली कांग्रेस, एमालेलगायत दलहरूले मनाउने सुअवसर पाउन् । व्यवस्था मात्र होइन जनताको अवस्था पनि फेरियोस् । जनयुद्ध दिवसका शुभकामना ।

# श्रवणदृष्टिविहीन अपांगताको समस्या र राज्यको जिम्मेवारी



पदम श्रेष्ठ

> अपांगता हुनु जन्मजात वा रोग, दुर्घटना आदि कारणबाट हुने गर्दछन् । यस हिसावबाट अपांगता तपाईं हामी जुनसुकै बेला जोसुकै पनि हुन सक्दछौं । राज्य आमनागरिकका अभिभावकसमेत भएकोले अपांगताको तह हेरी दिइने भत्ता र सुविधाहरूको व्यवस्था हुनु स्वागतयोग्य भए पनि पर्याप्त र दीर्घकालीन नभएको अपांगता भएका स्वयंले बताइरहेको अवस्थामा दृष्टिश्रवण अपांगता भएका व्यक्तिको बारेमा सरकार, समाज र परिवार अझै संवेदनशील हुन जरूरी देखिएको छ ।

हामी एक पटक एकसाथ कान र आँखा बन्द गरी कुनै एक गन्तव्यतर्फ हिंड्ने प्रयत्न गरौं त ! संसार नै अन्धकार र शून्य पाउँछौं । सुन्न र देख्न सक्नेलाई एक्कासि आँखा र कान बन्द गरी केहीबेर यताउता गर्‍यौं भने पनि रिंगटा लाग्ने, अत्तालिने गरेको कुरा आफ्नै अनुभूतिबाट पनि थाहा पाउन सकिन्छ। श्रवणदृष्टिविहीनता भएका व्यक्तिहरूको अनुभव आदानप्रदान गोष्ठीमा सहभागीहरूले अनुभूति व्यक्त गरेका सवालहरू हुन् यी । श्रवणदृष्टिविहीनता भन्नाले सुन्न र देख्नसमेत नसक्ने अपांगता भएका व्यक्ति भनेर बुझिन्छ ।

उक्त भेलामा कास्की, रूपन्देही, मोरङ र काठमाडौं चार जिल्लाका श्रवणदृष्टिविहीनता भएका व्यक्तिका अभिभावकहरूले आ-आफ्ना पीडा व्यक्त गरेका थिए । अभिभावक संघका अध्यक्ष लाक्पानुर्बु शेर्पाका अनुसार अपांगता भएका व्यक्तिको जीवन त्यसै पनि पीडादायी हुन्छ। त्यसमाथि सुन्न र देख्न दुवै नसक्नु झनै पीडादायी भएकोले अबको आफूहरूको लक्ष्य आफ्ना सन्तानलाई दृष्टिविहीनता वा बहिराले जस्तो आफ्नो काम आफैंले गर्न सक्ने बनाउनुसम्मको हुने उनको भनाइ छ। 'कत्रो विडम्बना छ, हामीले एकपल्ट कल्पना गरौं त, आफू वा अफना वरिपरि दृष्टिविहीन र बहिरा हुनुको कारण जीवनदेखि निराश हुने गरेका कयौं व्यक्तिहरू देखिन्छन् र भेटिन्छन् पनि,' उनी भन्छन् ।

**अपांगतालाई गरिएको वर्गीकरणः**

१) शारीरिक, २) दृष्टिविहीन (क) पूर्ण, (ख) अल्प; ३) सुनाइ सम्बन्धित अपांगता (क) बहिरा, (ख) सुस्त श्रवण; ४) श्रवण दृष्टिविहीनता; ५) स्वर बोलाइसम्बन्धी अपांगता; ६) मनोसामाजिक अपांगता; ७) बौद्धिक अपांगता (डाउन सिन्ड्रोम); ८) अनुवंशीय रक्तश्राव (हेमोफिलिया); १०) बहुअपांगता आदि ।

यी १० प्रकारका अपांगता भएकाहरूका छुट्टा-छुट्टै कठिनाइहरू छन् । भाइबहिनीहरू तर आँखा र कान एक साथ नदेख्ने, नसुन्ने अपांगता भएका श्रवणदृष्टिविहीन व्यक्तिहरूका समस्या झनै जटिल रहेको छ। श्रवणदृष्टि अपांगतालाई सुरुमा बहुअपांगताको कोटीमा राखिएको थियो तर वर्तमानमा छुट्टै वर्गीकरणमा पारिएपछि समस्या पहिचानमा सहज भएको छ ।

वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा नौ हजार ७१४ जना श्रवणदृष्टिविहीन अपांगता भएका व्यक्ति रहेको देखिन्छ । विश्वमा यस्तो जनसंख्या ०.०३७ प्रतिशत रहेको तथ्यांक छ । एक अध्ययनबाट के तथ्य प्रमाणित गरेको छ भने मानव जीवनको ९५ प्रतिशत सूचना आँखा र कानबाट सम्प्रेषण हुन्छ तर श्रवणदृष्टिविहीनता भएका व्यक्तिहरूले हातको औंला र स्पर्शका माध्यमबाट पाँच प्रतिशत अंगले सञ्चार प्राप्त गर्ने गर्दछन् । हामीले के बुझ्नुपर्दछ भने दृष्टिविहीनले ब्रेल लिपि र श्रवण अपांगताका लागि सांकेतिक लिपिको विकास भएको छ तर श्रवणदृष्टिविहीनहरूका लागि सूचना प्रवाहको माध्यम स्पर्श विधि (ह्याप्टिक सिग्नल)बाहेक केही नरहेको तथ्य उक्त अध्ययनले निकालेको छ । यस्ता अपांगता भएकाहरूलाई खाना खान वा शौचालय जानसमेत ढाड वा पाखुरामा औंलाको सहायताबाट संकेत कोरिदिएपछि मात्र बुझ्ने गर्दछन् ।

तातो र चिसो छुट्याउन नसक्ने, खाना चपाएर खानुपर्छ भन्ने जानकारी नराख्ने हुँदा कतिपय अवस्थामा घाँटीमा अड्किने र खाएका कुरा नपच्ने समस्या अभिभावकहरूले व्यहोर्नुपरिरहेको बताउँछन् । यस्ता अपांगतालाई हेरचाह गर्न सन् २००७ मा अभिभावकको प्रयासले मध्यबानेश्वरमा ४० जना विद्यार्थी राखेर सञ्चालन गरिएको स्कूलको तत्कालीन शिक्षामन्त्री राधाकृष्ण मैनालीबाट उद्घाटन भएको थियो ।

यसरी दृष्टिविहीन अपांगता भएका २०० जना अभिभावकहरू सम्पर्कमा थिए तर सरकारी सहयोग निरन्तर जारी हुन नसक्दा स्कूल अभियानले निरन्तरता पाउन सकिरहेको छैन । यी १० प्रकारका अपांगता परिवार, समाज र राष्ट्रका लागि थप जिम्मेवारी बनिरहेको बेला दृष्टिश्रवण अपांगता भएका व्यक्तिको हेरचाह गर्न एक जनाका लागि अर्को एक जना रेखदेख गर्न २४ सै घण्टा निगरानीका रहनुपर्ने भएपछि झनै जटिल बनेको छ । यसको समाधानार्थ के गर्न सकिन्छ आजका समाजले सोचेर दीर्घकालीन समाधानको उपायहरू खोज्नुपर्ने जिम्मेवारी आइपरेको छ । यसको एक मात्र उपाय राज्यको लगानीमा परिवारका अभिभावकहरूको सहभागितामा सामूहिक तालिम तथा हेरचाह केन्द्र निर्माण र विस्तार गर्दै लैजानुपर्ने आवाजहरू उठ्ने गरेका छन् । अन्य पनि उपायहरू छन् भने ती उपायहरू पनि अपनाइँदै लगिनेमा अभिभावकहरू प्रतीक्षारत छन् ।

*दुःखीको घरमा मात्र बास हुने भए*
*हे ईश्वर दयाराखि मलाई अझै दुःख दे*

वालकृष्ण समद्वारा रचित यो कवितामा जस्तै अपांगता भएका व्यक्तिमाथि अझै अपांगताको बोझ बोक्नु पर्दा ती अभिभावकहरूमा कस्तो पीडा होला सहजै अनुमान लगाउन सकिन्छ। त्यस्ता पीडालाई केही मात्रामा भए पनि कम गराउन राज्यले रातो कार्डवाला अपांगता सुविधालाई जीवन निर्वाह गर्न पुग्ने भत्ता र सामूहिक हेरचाह केन्द्रको व्यवस्था भए, अपांगता भएकाका पीडामा अलिकति भए पनि राहत पुग्ने थियो ।

अपांगता हुनु जन्मजात वा रोग, दुर्घटना आदि कारणबाट हुने गर्दछन् । यस हिसावबाट अपांगता तपाईं हामी जुनसुकै बेला जोसुकै पनि हुन सक्दछौं । राज्य आमनागरिकका अभिभावकसमेत भएकोले अपांगताको तह हेरी दिइने भत्ता र सुविधाहरूको व्यवस्था हुनु स्वागतयोग्य भए पनि पर्याप्त र दीर्घकालीन नभएको अपांगता भएका स्वयंले बताइरहेको अवस्थामा दृष्टिश्रवण अपांगता भएका व्यक्तिको बारेमा सरकार, समाज र परिवार अझै संवेदनशील हुन जरुरी देखिएको छ ।

## मनन्योग्य
### चाणक्य नीति

चाणक्य आउनासाथ सबै चूप ! उपस्थित सबैतिर दृष्टि दिँदै आसन ग्रहण गर्न संकेत गरे । आफू पनि आसनमा बसे । चाणक्यले भने- सम्मानित समाज यस सभामा तपाईहरूको दर्शन भयो यो मेरो सौभाग्य हो, यो सभामा नडराई आफ्नो आपत्ति भन्नुहोस् ।

यो चाणक्यको ओजस्वी बोलीको चमत्कार थियो, पण्डित समूह प्रतिरोध गर्न खडा हुनमा झन्झट मानिरहेथे । धेरै अन्तककद्वन्द्वपछि एक ब्राह्मण साहस गर्दै आफू रिसाई बोल्न थाले- 'म मगधका नागरिकका तर्फबाट सोच्छु के युनानी राजकुमारी एवम् विजातीय कन्या हेलनसँग मगध सम्राट् चन्द्रगुप्तको विवाह गरिदैछ ? यो अधर्म हो, सन्तान वर्ण सङ्कट हुन्छ, धर्मले यसको स्वीकृति दिँदैन ।

यस कुराले सबैलाई बल मिल्यो सबैने साहस गर्दै भने- ' हो यो विवाह हुन सक्तैन, हामी धर्मविरुद्ध केही पनि हुन दिँदैनौं ।

पण्डितहरूको यो अनुशासनहीन विरोधले चाणक्यका आंखीभी चल्न लागे । आफैलाई रोक्त गम्भीर भई भने- 'चाणक्य छउन्जेल मगधमा नीतिविरुद्ध केही पनि हुनसक्तैन, यो विश्वास गर्नोस्, तर म तपाईहरूसँग सोध्न चाहन्छु के धर्मको अर्थ विनाश हो ? धर्म त्यहीं हुन्छ जसमा मानव कल्याण निहित हुन्छ । फेरि विवाह दुई हृदयको मिलन हो, दुई आत्माको मिलन हो । जब गुण, कर्म, स्वभाव मिल्छ भने दुई आत्माको मिलनमा धर्म बाधक हुनुहुँदैन । धर्मको काम हो तोड्नु होइन हाम्रो यहाँ आत्मालाई परमात्मास्वरूप मानिन्छ ।' क्रमशः

## पत्र-मञ्जुषा
# वित्तीय क्षेत्रको समस्या र यसले निम्त्याउने जोखिम

मुलुकको वित्तीय क्षेत्र अहिले समस्याग्रस्त अवस्थामा छ । बैंक तथा वित्तीय संस्था पछिल्लो समय आफैं घरजग्गा दलाली बनेका छन् । ऋणीले ऋण तिर्न नसकेपछि वित्तीय संस्था आफैंले घरजग्गा बेच्ने कार्यालय खोलेका छन् । तर, वित्तीय संस्थाको यो उद्देश्य पनि फेल खाएको छ । घरजग्गा बेच्न कार्यालय त खोलेका छन् तर ग्राहक नआउँदा वित्तीय संस्था तनावमा परेका छन् । धितो बिक्री नहुँदा बैंकहरू डुब्ने अवस्थामा पुगिसकेका छन् । हिजो जग्गा बेचबिखन गर्ने दलालीहरूले सर्वसाधारणलाई उच्चतम मूल्यमा जग्गा बिक्री गरेका थिए ।

दलालीहरले महँगोमा सर्वसाधारणलाई जग्गा भिडाए । बैंकले पनि घरजग्गा भन्नेबित्तिकै आँखा चिम्लेर कर्जा दियो । यता, कतिपय बैंक आफैंले जग्गा खण्डीकरण गरेर पनि बेचेका छन् । कर्जा लिएकाहरूले ऋण तिर्न सुकुम्बासी बनेका छन् । उता, बैंकलाई पनि धितो लिलाम गर्न ठूलै सास्ती भएको देखिन्छ । एकातिर घरजग्गाको मूल्य छैन । बजारमा मन्दी ह्वात्तै बढेको छ । कसैसँग पैसा छैन । दुई वर्षअगाडि ४० लाख रूपैयाँमा किनेको जग्गा २० बेच्छु भन्दा पनि किन्ने मान्छे भेटिँदैनन् ।

करिब ९५ प्रतिशतले बैंक र सहकारीबाट कर्जा लिएर घरजग्गा किनेका छन् । अधिकांशको घरजग्गा वित्तीय संस्थाको नाममा छ । केही वर्षयता उच्च मूल्यमा पुगेको घरजग्गामा यसरी मन्दी आउनेबित्तिकै सर्वसाधारण चुर्लुम्म डुबेका छन् । वित्तीय संस्था पनि टाट पल्टेका छन् । यता, बचतकर्ताहरूसमेत आफ्नो बचत जोगाउन दौडधुप गरिरहेका छन् । वित्तीय संस्थाको कर्जा लगानी नै जोखिममा परेपछि बचतकर्ताहरू आफ्नो पैसा निकाल्न हरसम्भव गरिरहेका छन् ।

पछिल्लो समय वित्तीय संस्थामा पैसा निकाल्न जानेको भीड अत्यन्तै छ । बैंकलाई एक लाख रूपैयाँ फिर्ता गर्न गाह्रो परिरहेको छ । सहकारीको त झन् कुरै नगरौं । अधिकांश कुलेलाम ठोकिसकेका छन् । नभाग्ने सहकारीहरूले समेत छ महिनादेखि बचतकर्तालाई साँवा र ब्याज दिएका छैनन् । आफ्नो पैसा सुरक्षित हुन्छ भनेर बचतकर्ताले वित्तीय संस्थामा लगेर आफ्नो जिन्दगीभरको मिहेनत राखेका थिए । तर, अहिले त्यही वित्तीय संस्था सबैभन्दा बढी असुरक्षित सावित भएको छ ।

आफ्नो घरजग्गामा गरेको लगानी नउठेको र उठ्नेबित्तिकै फिर्ता गर्ने भन्दै वित्तीय संस्थाले सर्वसाधारणलाई दुःख दिने काम गरिरहेको छ । दुई करोड रूपैयाँ पर्ने घरजग्गा राखेर सर्वसाधारणले एक करोड रूपैयाँ लिए । त्यो पनि घूस, सेवा शुल्क र महँगो ब्याज गरेर । अहिले वित्तीय संस्थाको कर्जा तिर्न नसक्दा सो छोड्नुपर्ने बाध्यता जाइलागेको छ । एकातिर घरजग्गाको मूल्य घटेको छ अर्कोतिर वित्तीय संस्थाले निरन्तर ब्याज बढाइरहेको छ । मालपोत कार्यालयहरूमा घरजग्गा नामसारी छैन ।

मालपोतहरू सामसुम छ । अहिले बजारमा घरजग्गा बेच्ने यत्तिकै छन् । तर, खरिदकर्ता कोही भेटिँदैनन् । अधिकांशलाई एउटै पिर छः मेरो घरजग्गा बैंकले लिलाम गर्ने भो । कतिले त ऋण तिर्न नसकेर हात उठाइसकेका छन् । घर धितो राखेर दिएको कर्जा उठाउन बैंकलाई नै सास्ती भएको छ । बैंकले लिलाम सूचना निकालेपछि कतिपय आफैंले सामान निकालेका छन् । कतिपयको वडाध्यक्ष र प्रहरी प्रशासन राखेर भटाभट सामान निकाल्ने काम बैंकले गरिरहेको छ ।

दुई वर्षअघि दुई करोड मूल्यांकन भएका घरहरू ८० लाखमा बेच्छु भन्दा पनि कसैले किन्नलाई चासो देखाउँदैनन् । पैसा भए त किन्ने हुन् । पहिले सर्वसाधारणहरूले त्यही जग्गा धितो राखेर वित्तीय संस्थाबाट कर्जा लिँदै घर बनाए । कतिपयले घरको तला थपे । अहिले ऋण तिर्न नसकेपछि आफ्नो लगानी डुब्यो । बैंकले जसरी भए पनि आफ्नो लगानी उठाइहाल्छ । बैंकहरूले पैसा नभएर घरजग्गामा कर्जा लगानी गर्न छोडेको छ । नयाँ लगानी गर्नलाई बैंक आफैं पनि रित्तो छ ।

पछिल्लो समय धमाधम पुराना कर्जा असुल्ने कार्य भइरहेको छ । हिजो दलालीहरूले बैंकबाटै कर्जा लिएर जग्गा प्लानिङ गरे । दुई लाख आनामा पनि बिक्री नहुने जग्गा खण्डीकरण गरेर आनाकै ४० लाखमा बेचे । बैंकको पैसाबाट जग्गा दलालीहरूले पनि कमाए । तर, जग्गाको मूल्यमा स्वाट्टै ओरालो लागेपछि दलालीहरूमा भागदौड मच्चिएको छ । बैंकको ऋण तिर्न नसकेर उनीहरू पनि भागिसकेका छन् । जग्गा दलाली, बैंकका सञ्चालकको मिलोमतोमा धेरै ठगिएका छन् ।

वित्तीय क्षेत्रमा देखिएको यो समस्या तत्काल हल गर्नतर्फ सरोकारवाला सबैको ध्यान जान जरुरी छ । अन्यथा यसले थप जटिलता निम्त्याउने निश्चित छ ।

*–रमेश खड्का, अनामनगर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# चिकित्सक संघको आन्दोलन स्थगित

## सरकारसँग ६ बुँदे सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं-** सरकारसँगको सहमतिपछि नेपाल चिकित्सक संघको आन्दोलन स्थगित भएको छ । राष्ट्रपतिको सवारीका क्रममा शुक्रबार प्रहरीले वीर अस्पतालका चिकित्सकलाई कुटपिट गरी घाइते बनाएको विरोधमा संघले आन्दोलन सुरु गरेको थियो । आइतबार बहिरंग सेवा बन्द गरी आन्दोलनमा उत्रिएको संघसँग सरकारले छ बुँदे सहमति गरेको छ । उक्त सहमतिसँगै संघले आन्दोलनका सम्पूर्ण कार्यक्रम तत्कालका लागि स्थगित गरेको जानकारी दिएको छ ।

आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा भएको वार्तापछि छ बुँदे सहमति भएको थियो । वार्ता टोलीमा सहभागी संघका पूर्वअध्यक्ष डा. मुक्तिराज श्रेष्ठका अनुसार सहमतिपछि चिकित्सकहरू तत्काल काममा फर्किएका छन् । वार्तामा शुक्रबार राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पताल अगाडि विशिष्ट व्यक्तिको सवारी सुरक्षा व्यवस्थापन गर्ने क्रममा भएको घटनाबारे वार्ता टोलीबीच छलफल भएको र घटनामा घाइते भएका चिकित्सकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको उनले बताए ।

सहमतिमा उक्त दिन घटेको घटनाको सम्बन्धमा सम्बन्धित सुरक्षाकर्मीलाई निलम्बन गरी छानबिन सुरु भइसकेकाले समग्र पक्षमा एक हप्ताभित्र छानबिन सम्पन्न गरी दोषीलाई कारबाही गर्ने र घाइते चिकित्सकको उपचारको व्यवस्था नेपाल सरकारले गर्ने उल्लेख छ । वार्ता टोलीबीच विशिष्ट व्यक्तिको सवारीमा सुरक्षा व्यवस्थापन गर्दा बिरामी एवं आमनागरिक र विशेषगरी स्वास्थ्य संस्था, विद्यालयलगायतका संवेदनशील संस्था तथा क्षेत्रहरूमा असहजता नहुनेगरी 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७' मा गर्नुपर्ने परिमार्जनसम्बन्धमा नेपाल सरकार समक्ष एक हप्ताभित्र सुझाव पेस गर्ने र सरकारले उक्त सुझावहरूलाई यथाशीघ्र कार्यान्वयनमा लैजाने पनि सहमति भएको छ ।

सहमतिमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (संशोधसहित) ऐन, २०६६ बमोजिम स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने तथा स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्ने उल्लेख छ । सहमतिपत्रमा संघका अध्यक्ष डा. लोचन कार्की र सरकारका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा.गणेशप्रसाद पाण्डेयले हस्ताक्षर गरेका छन् ।

वार्तामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. पाण्डेय, गृह मन्त्रालयका प्रतिनिधि जितेन्द्र बस्नेत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि डा. रुद्र मरासिनी, नेपाल चिकित्सक संघका अध्यक्ष डा. कार्की, पूर्वअध्यक्ष डा. मुक्तिराम श्रेष्ठ तथा संघका महासचिव डा. बद्री रिजालको उपस्थिति थियो ।

आइतबार चिकित्सकहरू आन्दोलित भएपछि देशभरका अस्पतालहरूमा सेवा प्रभावित भएको थियो । जसबाट बिरामीले सास्ती बेहोर्नुपरेको थियो । चिकित्सकमाथि प्रहरी हस्तक्षेप हुनु ठीक नभए पनि बिरामीको उपचार छाडेर चिकित्सकहरू आन्दोलनमा उत्रनु जायज नहुने भन्दै विरोधसमेत भएको छ । यसअघि चिकित्सकलाई कुटपिट गर्ने कार्यमा संलग्न प्रहरी जवानलाई शनिबार नै निलम्बन गरिएको थियो ।

# 'सरकारी सञ्चारमाध्यमलाई प्रादेशिक संरचनामा लैजानुपर्छ'

■ प्रभाव संवाददाता

**दाङ-** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सबै सरकारी सञ्चारमाध्यम प्रादेशिक संरचनाअनुसार सञ्चालन हुनुपर्ने बताएकी छन् । उनले रासससलगायतका सरकारी सञ्चारमाध्यमलाई प्रदेश राजधानीबाटै सञ्चालनका लागि आफूले पहल गर्ने बताइन् ।

नेपाल पत्रकार महासंघ दाङसहित जिल्लामा क्रियाशील पत्रकारका संगठनद्वारा आयोजित स्वागत तथा बधाई कार्यक्रममा उनले सञ्चारसँग सम्बन्धित सबै कानुन संशोधन गरी समय सान्दर्भिक बनाउने बताइन् । 'चलचित्र बोर्ड ऐन २०२६ मा बनेको रहेछ, प्रेस काउन्सिल ऐन पनि पुरानो छ,' उनले भनिन्, 'आमसञ्चारको तीव्ररूपमा विकास भइरहेको छ, अब पुराना कानुन संशोधन गरी समयअनुकुल बनाउनुपर्छ ।'

मन्त्री शर्माले हुलाक सेवालाई पुन:संरचना गर्न आवश्यक रहेको बताएकी छन् । पछिल्लो समय हुलाक सुनसान हुने गरेको भन्दै पुन:संरचना आवश्यक रहेको बताइन् । 'एउटा हुलाक कार्यालयमा जाँदा चार महिनामा तीनवटा पत्र मात्रै पठाएको पाइयो,' उनले भनिन्, 'हुलाकबाट व्यक्तिगत पत्र आदानप्रदान अहिले शून्यको अवस्थामा रहेछ, त्यसबाहेक हुलाकबाट अन्य काम नहुने रहेछ ।'

उनले राजमार्गका कतिपय स्थानमा मोबाइल फोनले काम गर्न नसक्ने अवस्था रहेको भन्दै त्यस्ता स्थानमा दुर्घटना भएमा उद्धारमा समस्या आउने गरेको बताइन् । मन्त्री शर्माले निर्वाचन जसले जिते पनि विकासको काममा सबैको सहकार्य जरुरी रहेको धारणा राखिन् ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VCS COPPER INDUSTRY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१७ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ LT. No. 270889 चलानी नं. ६०१८६८०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 10 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : POLYTAINER INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१७ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ LT. No. 268506 चलानी नं. ६०१८४३७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 30 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : C-PAK CERGAS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१०/२९ LT. No. 280842 चलानी नं.६०१९६४२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker/Production Operator | 80 | 20 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

**SUHASHA LINK PVT. LTD.**

Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :YEW CHYE SENG PLANTION SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१०/२९ LT. No.:280844 चलानी नं. ६०१९६४३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation | 15 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279, 5902950



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :ARMOUR SECURITY SYSTEMS (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ LT. No.273371 चलानी नं. ६०१९११०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1500 | ४५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ८/९ गते (20/21st Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**

Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SKY MAID CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/१०/२९ LT. No.280674 चलानी नं. ६०१९६४२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 30 | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com


# बैजनाथ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**रामपुर बाँके**

**लुम्बिनी प्रदेश नेपाल**

**प्रथम पटक प्रकाशित मिति : २०७९/११/०१**

यस बैजनाथ गाउँपालिका रामपुर बाँकेले आ.व.०७९।८० का लागि **पशुको दाना पिस्ने** (Crusher machine) **मेशिन र बिद्युतीय चारा मेशिन** (Electrical Chaff Cutter machine) खरिद गर्नुपर्ने भएकाले निम्नानुसार हुनेगरी सम्बन्धित सबैको जानकारीका लागि सुचना प्रकाशित गरिएको ।

१. **मेशिन** खरिदको बिवरण निम्नानुसार हुने छ ।

| सि.नं. | ठेक्का नं | कार्यक्रमको बिवरण | अनुमानित रकम | राजश्व दस्तुर रु | विडवोण्ड रकम |
|---|---|---|---|---|---|
| १. | BRM/NCB/GOODS/02/079/080 | बैजनाथ गाउँपालिकाको लागि बिधुतीय चारा मेशिन (Electrical Chaff Cutter machine) खरिद कार्यक्रम ५०।५० अनुदान | रु १८,०००,००।- (अक्षेरूपी अठार लाख रूपैया मात्र) | १०००।- (अक्षेरूपी एक हजार रूपैया मात्र) | ४५,०००।- |
| २. | BRM/NCB/GOODS/03/079/080 | बैजनाथ गाउँपालिकाको पशुको दाना पिस्ने (Crusher machine) मेशिन खरिद कार्यक्रम ५०।५० अनुदान | रु २०,०००,००। (अक्षरूपी बिस लाख रूपैया मात्र) | १०००। (अक्षेरूपी एक हजार रूपैया मात्र) | ५०,०००। |

२. सम्बन्धित दरभाउ पत्र फारम खरिद गर्न चालु आ.व.०७९।०८० का लागि फर्म नविकरण भएको ईजाजत पत्र,दर्ता र आ.व.०७८।०७९ को करचुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी लिखित निवेदन साथ माथि उल्लेखित दस्तुर फिर्ता नहुने गरी तिरी ईच्छुक दरभाउ पत्र दाताले २०७९।११।१५ सम्म सो दिन बिदा परेमा अर्को दिन यस कार्यालय वाट खरिद गर्न सकिने छ ।

३. खरिद भएका दरभाउपत्रहरू २०७९।११।१६ गते दिउँसो १२:०० वजे भित्र शिलवन्दी लाहछाप गरी खाममा बिवरण प्रस्ट खुलाई यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ । दर्ता भएका दरभाउ पत्रहरू सोहि दिनको २:०० वजे उपस्थित दरभाउपत्र दाता वा निजको प्रतिनिधीहरूको रोहवरमा खोलिने छ । दरभाउपत्र दाताहरू वा निजको प्रतिनिधी नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४. दरभाउ पत्र खरिद गर्ने वा दारिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोहि समय अनुसार हुने छ ।

५. राजश्व दस्तुरको हकमा यस कार्यालयको एन.आई.सी.एसिया बैकमा रहेको खाता नं. 059CA59498380006 मा नगद जम्मा गरेको भौचर र विड बोण्डको हकमा (क) वर्गको बाणिज्य बैकको कम्तिमा ७५ दिनको म्याद भएको बैक जमानत पत्र वा यस कार्यालयको धरौटी खाता नं. 5941498380524002 मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

६. म्याद नाघि आएको ,रित नपुगेको र शर्त राखिएको दरभाउ पत्र उपर कारवाही हुने छैन ।

७. दरभाउपत्र दाताले दर रेट अंक र अक्षरमा अनिवार्य रूपमा ृल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ साथै केरमेट भएमा केरमेट भएको ठाउँमा हस्ताक्षर भएका हुनु पर्नेछ ।

८. बैजनाथ गाउँपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. दरभाउपत्र सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१०. यस सूचनामा तोकिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

# प्रभाव दैनिक

सोमबार, १ फागुन २०७९ (Monday, February 13, 2023)



रूपशाला

## रानीको 'उड्यो मन'मा खुसी भएर जिउने सन्देश

गायिका रानी शाक्यले युवतिहरूको भावनालाई समेट नयाँ गीत 'उड्यो मन' ल्याएकी छन् । गीतमा रानीको स्वर, राजकुमार बगरको शब्द तथा संगीत छ । गीतले विशेषतः, रिस सबै त्यागेर खुसी बनेर बाँच्ने सन्देश दिएको छ । गीतको भाव जस्तै निर्देशक तथा कोरियोग्राफर रामजी लामिछानेले यसको भिडियो भिडियो तयार पारेका छन् । भिडियोमा मोडलद्धय स्मारिका ढकाल र आभा थापाको नृत्य हेर्न सकिन्छ । भिडियोमा मानकृष्ण महर्जनको छायांकन, बन्दे प्रसादको सम्पादन छ । गायिका रानीले यो गीतबाट आफूले यूवतीहरूलाई कुनै तनावविना रमाएर जिन्दगी जिउन आग्रह गरेको बताएकी छिन् ।



# फागुनमा तीन चलचित्र










■ प्रभाव संवाददाता

**काठमाडौं–** फागुनमा तीन नेपाली चलचित्र प्रदर्शनमा आउँदैछन् । विदेशी चलचित्रसँग नजुँधाइ प्रदर्शनको तयारी गरेपनि स्वदेशी दुई चलचित्रको भने जुँध्ने भएका छन् । फागुन १९ मा दुई ठूला चलचित्र 'छक्का पञ्जा ४' र 'छड्के २.०' एकसाथ प्रदर्शन हुँदैछन् ।

यस्तै, फागुन ४ मा चलचित्र 'फूलबारी' प्रदर्शन हुँदैछ । तीन वटै चलचित्र फरक श्रेणी तथा दर्शकलाई लक्षित गरेर निर्माण गरिएको निर्माताले बताएका छन् । चलचित्र 'फूलबारी' मा अवकाश प्राप्त शिक्षकको जीवनी देखाइएको छ । छोरासँग समय बिताउन चाहेका शिक्षक दम्पती र सन्तानबीचको कथा समेटिएको चलचित्रलाई रामबाबु गुरुङले निर्देशन गरेका हुन् ।

'परिवारको महत्वलाई चलचित्रमार्फत आम दर्शक समक्ष पुऱ्याउने कोसिस गरेका छौँ । मेरो अघिल्लो चलचित्रको तुलनामा यो भिन्न छ,' निर्देशक गुरुङले भने । यसमा विपीन कार्कीले शिक्षकको भूमिका निर्वाह गरेका छन् ।साथै, अरुणा कार्की, प्रियंका कार्की, दयाहाङ राई, शिल्पा मास्के, सोमनाथ खना, अनुपम शर्मा, मनिष ढकाल, गौमाया गुरुङ, साक्षी सिंह भण्डारीले अभिनय गरेका छन् । यशोधा फिल्मको ब्यानरमा निर्माण भएको चलचित्रमा किशोर मालपानीको कथा र उपेन्द्र सुब्बाको पटकथा रहेको छ ।

दीपकराज गिरीसहित दीपाश्री निरौला र केदार घिमिरे समूहको चलचित्र 'छक्का पञ्जा ४' लाई हेमराज विसीले निर्देशन गरेका छन् । राजनीतिलाई पृष्ठभूमि बनाएर चलचित्र तयार गरिएको हो । यसको पटकथा तथा संवाद अभिनेता गिरीले तयार पारेका छन् ।

'दर्शकले रुचाउने चलचित्र तयार गरेका छौँ । अघिल्लो शृंखला हेरेर आउनुभएका दर्शकलाई यसले निराश बनाउँदैन,' गिरीले भने । यसमा नरेन्द्र मैनालीको छायांकन, रोशन श्रेष्ठको द्वन्द्व, निमेष श्रेष्ठको सम्पादन छ ।

त्यस्तै, 'छड्के' को सिक्वेल 'छड्के २.० ' ग्याङस्टर श्रेणीको चलचित्र हो । प्राकृतिक स्रोत हत्याउन संघर्ष गर्ने तीन ग्याङको कथा चलचित्रमा देखाइएको छ । ग्रीन ग्याङको नाइकेको रूपमा अभिनेता अनमोल केसी देखिएका छन् । 'म टाईपकास्ट भन्दा पनि विभिन्न भूमिकामा आफूलाई प्रस्तुत गर्न चाहन्छु,' अभिनेता केसीले भने,'यो मेरो र दर्शकका लागि फरक अनुभव छ । यसमा हिंस्रक अवतारमा प्रस्तुत भएको छु ।'

निगम श्रेष्ठको लेखन तथा निर्देशनमा रहेको चलचित्रमा रोविन तामाङ, कमलमणि नेपाल, देवकुमार श्रेष्ठ, सिर्जना सुब्बा, देवु श्रेष्ठलगायतका कलाकारको अभिनय छ ।

अन्य हप्ता खाली राखेर फागुन १९ मा दुई चलचित्र प्रदर्शनमा आउनुले दुवैपक्षलाई घाटा हुने वितरक करण श्रेष्ठले बताए । उनले भने, ' आश गरिएका दुई चलचित्र एकसाथ प्रदर्शनमा आउनु राम्रो होइन । यसले नेपालमा मात्र नभइ अन्तराष्ट्रिय बजारमासमेत असर गरेको छ । यस्ता विषयमा सम्बन्धित निकायले पहल गरेर मिलाउनुपर्छ ।'

# राजबल्लभको पुनरागमन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सन् २००७ मा चलचित्र 'पर्खि बसेँ'बाट अभिनयको सुरूआत गरेका अभिनेता राजबल्लभ कोइरालाले 'कामिनो' मा अभिनय गर्ने भएका छन् । पछिल्लो समय 'हाइवे टु धम्पुस'मा देखापरेका उनी झण्डै १० वर्षपश्चात अभिनय गर्दैछन् । 'आफू सुहाउँदो भूमिका पाएँ । र, यो महत्वपूर्ण मध्येको एक हो,' अभिनेता कोइरालाले भने, 'मेरो छायांकन ब्राजिल र मेक्सिकोमा तय भएको छ ।'

अमेरिकाको क्यालिफोर्निया बसोबास गर्ने अभिनेता कोइरालाले चलचित्रका लागि नेपाल आउने विषयमा माग र आवश्यकतामा आधार रहने बताए । अभिनेता प्रदीप खड्का र अभिनेत्री वर्षा सिवाकोटीपश्चात अभिनेता कोइरालालाई टिममा स्वागत गर्न पाउँदा खुसी लागेको निर्देशक दीपक ओलीले बताए । ' हामीलाई चाहिएको लुक्स र कलाकार पाएका छौँ । चलचित्रलाई बिनासम्झौता तयार गर्नेछौँ,' उनले भने, 'यसको कथा नै विदेशी भूमिसँग जोडिएकाले छायांकन नै उतै गर्दैछौँ ।'

अभिनेता कोइरालाले अभिनय गरेको गुरु दक्षिणा, छोडी गए पाप लाग्ला, पहिलो पहिलो माया, किन लाग्छ माया, पल, मसान, अपवाद, सो सिम्पल, ६ एकान ६, हाइवे टु धम्पुसलगायतका चलचित्रको चर्चा हुने गर्छ । उनले सात वर्षमा सत्ताइस चलचित्रमा अभिनय गरेका थिए ।

स्पेनिस भाषामा 'कामिनो'को अर्थ बाटो हो । जोखिमपूर्ण तरिकाले अमेरिका प्रवेश गर्न चाहनेको संघर्षको कथामा निर्माण हुने चलचित्र आउँदो वैशाखबाट छायांकनमा जाने तयारी रहेको कार्यकारी निर्माता सुनिल विष्ट गौलीले जानकारी दिए । यसमा महेश दबाडीको पटकथा र संवाद, सौरभ लामाको छायांकन, एसडी योगी र एलिस कार्कीको सङ्गीत, सम्राट बस्नेतको द्वन्द्व निर्देशन रहनेछ । नेपाली, हिन्दी, अङ्ग्रेजी र स्पेनिससहित चार भाषामा चलचित्र प्रदर्शन गरिनेछ ।



रंगशाला

# क्लब विश्वकपको उपाधि रियल म्याड्रिडको पोल्टामा

■ एजेन्सी

**काठमाडौं–** रियल म्याड्रिड फिफा क्लब विश्वकप च्याम्पियन बनेको छ। साउदी अरेबियाको अल हिलालमाथि ५-३ को जित निकाल्दै स्पेनिस क्लब रियल म्याड्रिड पाँचौंपटक क्लब विश्वकपको च्याम्पियन बनेको हो । मोरक्कोको रावतस्थित स्टेड प्रिन्स मोउले अब्दल्लाहमा भएको खेलमा हिलाललाइ हराउँदै पाँचौ पटक विश्वकप च्याम्पियनको उपाधी उचाल्न सफल भएको हो ।

जसमा रियलको भिनिसियस जुनियर र फेडे भाल्भेर्डेले २-२ तथा कप्तान करिम बेन्जेमाले एक गोल योगदान गरेका थिए । उता, अल हिलालका लुसियानो डारियो भिट्टोले दुई तथा मोउसा मारेगाले एक गोल मात्रै गरे पछि उपबिजेतामा सिमित भयो ।




खेलको १३ औं मिनेटमा भिनिसियसले गोल गर्दै रियललाई सुरूआती अग्रता दिलाए भने त्यसको ५ मिनेट अर्थात १८ औं मिनेटमा फेडे भाल्भेर्डेले गोल गर्दै रियलको अग्रतालाई दुई गोलले दोब्बर पारे।

२६औं मिनेटमा साउदी क्लबका लागि मोउसा मारेगाले गोल गरेपछि पहिलो हाफ २-१ को स्थितिमा पुग्यो तर ५४ औं मिनेटमा पुग्दा रियलका कप्तान करिम बेन्जेमाले गोल गर्दै रियललाई खेलमा ३-१ ले अग्रता दिलाए । ५८ औं मिनेटमा फेडे भाल्भेर्डेले व्यक्तिगत दोस्रो तथा टोलीका लागि चौथो गोल गर्दै रियललाई ४-१ को स्थितिमा पुऱ्याए । ६३ औं मिनेटमा लुसियानो डारियो भिट्टोले गोल गर्दै अल हिलाललाई खेलमा फर्कने संकेत दिए तर ६९औं मिनेटमा भिनिसियसले व्यक्तिगत दोस्रो तथा टोलीका लागि पाँचौ खेल गरे खेललाई ५-२ को अवस्था राखिदिए ।

अल हिलाबको तर्फवाट ७९ औं मिनेटमा लुसियानो डारियो भिट्टोले व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गरे पनि टोलीलाई हारबाट जोगाउन सकेनन्। अन्ततः खेल ५-३ मा टुंगियो । पछिल्ला १० संस्करण युरोपियन क्लबले मात्रै क्लब विश्वकपको उपाधि जितेका छन् । उपाधि नजिक पुगेको अल हिलाल क्लब विश्वकप जित्ने पहिलो एसियाली टिम बन्ने अवसर पाउँदा पाउँदै पनि चुकेको छ । पाँच पटक फाइनल पुगेको रियल पाँचैपटक च्याम्पियन बनेको हो । यसअघि सन् २०१४, २०१६, २०१७ र २०१८ मा उपाधि जितेको थियो ।

# केपी ओली कपमा पुलिस र सातदोबाटो भिड्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** केपी ओली कप राष्ट्रिय फुटबल च्याम्पियनसिपको पहिलो खेलमा नेपाल पुलिस क्लब र सातदोबाटो युथ क्लब भिड्ने भएका छन् ।

आयोजक राष्ट्रिय युवा संघ नेपालले आइतबार सार्वजनिक गरेको 'ड्र' अनुसार पहिलो खेलमा पुलिस र सातदोबाटो भिड्ने भएका हुन् ।

पुलिस र सातदोबाटोबीचको खेल फागुन ११ गते एन्फा कम्प्लेक्समा हुनेछ । खेल ३ बजे सुरु हुनेछ । प्रतियोगिताको फाइनल बाहेक सम्पूर्ण खेल एन्फा कम्प्लेक्स सातदोबाटोमा हुनेछ । फाइनल खेल भने दशरथ रंगशालामा आयोजना हुनेछ ।

प्रतियोगिता फागुन ११ गतेबाट १७ गतेसम्म हुनेछ । प्रतियोगिता आठ टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा 'ए' डिभिजन क्लबका ७ र एक आयोजक टोली गरि ८ टिमले प्रतिस्पर्धा गर्ने छन् ।

'ए' डिभिजनका मछिन्द्र फुटबल क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, न्युरोड टिम एनआरटी, चर्च ब्वाइज युनाईटेड क्लब, सातदोबाटो युथ क्लब र जवालाखेल युथ क्लब छन् । एक आयोजक टोली केपी ओली फुटबल क्लब रहेको छ । प्रतियोगिताको विजेताले उपाधिसहित १० लाख नगद तथा उपविजेताले ५ लाख नगद प्राप्त गर्ने आयोजकले जनाएको छ । प्रतियोगिताका सर्बोत्कृष्ट खेलाडीले १ लाख नगद पाउने छन् । त्यसैगरी उत्कृष्ट गोलरक्षक, उत्कृष्ट गोलकर्ता र उदयमान खेलाडीले ५० हजार पाउने छन् । प्रत्येक खेलको विजेता टोलीलाई २५ हजार नगद पुरस्कार दिइनेछ भने प्रत्येक खेलका म्यान अफ दि म्याचले १५ हजार पाउने छन् ।

# राष्ट्रपति रनिङ शिल्ड पिपलडाँडा माविलाई

■ प्रभाव संवाददाता

**खोटाङ–** खोटाङको हलेसी तुवाचुङ नगरपालिकामा आयोजित नगर स्तरिय तेश्रो अन्तर माध्यमिक विद्यालय राष्ट्रपति रनिङ शिल्ड पिपलडाँडा देविस्थान मावि मंगलटारले उचालेको छ । हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मिटार खेलमैदानमा शनिबार सम्पन्न प्रतियोगितामा ७ स्वर्ण, २ रजत र ५ कास्य गरी कुल १४ पदक सहित पिपलडाँडा देवीस्थान माबिले प्रथम उपाधि उचालेको हो ।

माघ २५ गतेदेखि माघ २८ गतेसम्म सञ्चालन भएको प्रतियोगीतामा सरस्वती मावि अर्खौले ५ स्वर्ण, ६ रजत र ३ कास्य गरी कुल १४ पदकसहित दोश्रो र ज्योति मावि राजापानी ५ स्वर्ण, ३ रजत र २ कास्य गरी कुल १० पदक सहित तेश्रो भएका छन् ।

प्रतियोगितामा महेन्द्रोय माविले ५ स्वर्ण र ३ कास्य, च्यास्मिटार माविले ३ स्वर्ण, ६ रजत र ७ कास्य, दुर्छिम माविले २ स्वर्ण, ३ रजत र १ कास्य, बुलापन्थे माविले २ स्वर्ण र २ रजत पदक जितेका छन् ।

यस्तै, दाम्ली माविले १ स्वर्ण, ४ रजत र २ कास्य, लक्ष्मी माविले २ रजत र ३ कास्य, जनता मावि र कालिका माविले १ रजत र १ कास्य पदक जितेको नगरपालिकाका शिक्षा शाखा प्रमुख पदमबहादुर कार्कीले जानकारी दिए । प्रतियोगिताका स्वर्ण पदक जित्ने खेलाडीले जिल्ला स्तरीय प्रतियोगितामा खेल्न पाउनेछन् ।

विजेता विद्यालय तथा खेलाडीलाई हलेसी तुवाचुङ नगरपालिकाका मेयर बिमला राई, उपमेयर रमेश राउत लगायतले शिल्ड, मेडल र प्रमाण-पत्र हस्तान्तरण गरेका छन् । प्रतियोगीतामा नगरपालिका भित्रका १३ वटा विद्यालयका ४५६ जना खेलाडीले प्रतिष्पर्धा गरेका थिए ।

केन्द्रबाट प्राप्त भएको एक लाख अपुग भएपछि नगरपालिकाले थप चार लाख व्यवस्था गरेर राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरेको हो । प्रत्येक विद्यालयलाई प्रतियोगितास्थल आउन-जान र अन्य व्यवस्थापन खर्च पनि उपलब्ध गराइएको कसजूले बताए । दूरीको आधारमा विद्यालयलाई ३० हजारदेखि ५० हजारसम्म खर्च उपलब्ध गराइएको छ ।

नगरस्तरीय अन्तर माध्यमिक विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको दोश्रो संस्करणको उपाधि महेन्द्रोदय मावि महादेवस्थान र पहिलो संस्करणको उपाधि दुर्छिम मावि दुर्छिमले उचालेको थियो । विगत दुई वर्ष गरिएको नगर स्तरीय अन्तर माध्यमिक विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको तुलनामा तेश्रो संस्करणमा सतप्रतिशत विद्यालयको सहभागीता रहेको मेयर राईले बताइन् ।

# विराट गोल्डकपको पुरस्कार राशि बढाइने

**विराटनगर (प्रस)–** मोफसलको सर्वाधिक चर्चित फुटबल प्रतियोगिता विराट गोल्डकपको पुरस्कार राशि वृद्धि गर्ने तयारी गरिएको छ ।

गत संस्करणको उपाधि विजेता एपीएफले नगद १५ लाख १५ हजार प्राप्त गरेको थियो । यसैगरी उप विजेता हुने टिमले ७ लाख ५१ हजार प्राप्त गरेको थियो ।

तर, यस सिजनको विजेताले पाउने पुरस्कारको राशि वृद्धि गर्ने तयारी गरिएको विराट गोल्डकपका कार्यकारी निर्देशक सुवाशीस कोइरालाले जानकारी दिए । उनले भने, 'विराट गोल्डकपलाई अझ स्तरीय बनाउने तयारीका साथ पुरस्कारको राशी पनि बढाउने सोच बनाएका छौं ।' यसपटक कम्तिमा विगतको तुलनामा पुरस्कार राशि ४-५ लाख वृद्धि हुने उनले बताए । उप विजेता हुने टिमले पनि कम्तिमा ३ लाख बढी पुरस्कार पाउनेछ । पुरस्कार राशिबारे चाँडै पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्ने पनि कोइरालाले बताए ।

यसैगरी प्रत्येक खेलको विजेता टिमले नगद २५ हजार प्राप्त गर्ने पनि बताइएको छ । यस्तै, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट गोलकिपर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट फरवार्ड, सर्वाधिक गोलकर्ता खेलाडी र फेयर प्ले टिमलाई पनि नगद पुरस्कारको व्यवस्था गरिएको छ ।

विराट गोल्डकप चैत ९ गतेदेखि १७ गतेसम्म विराटनगरको शहीद रंगशालामा हुँदै छ । खेलहरू रातिको समयमा फलर्ड लाइटमा सञ्चालन हुनेछन् । ८ टिमले सहभागिता जनाउने प्रतियोगितामा ७ खेलबाट उपाधिको छिनोफानो हुनेछ ।

# टर्की र सिरियाका दशौं लाख भूकम्पपीडित सहयोगको प्रतीक्षामा



**कहरामनमारस (टर्की)**- टर्की र सिरियाका दशौं लाख भूकम्पपीडित सहयोगको प्रतीक्षा गरिरहेका छन् भने प्रतिकूल मौसमको पर्वाह नगरी दशौं हजार उद्धारकर्मी खोज तथा उद्धारमा जुटेका छन् ।

निराशा र महाविनासका बीच उद्धारकर्मीहरूले आइतबार बिहान सात महिनाको एक शिशु र अर्की एक किशोरीलाई भग्नावशेषबाट जीवितै उद्धार गरेका छन् । शनिबार पनि एक ७० वर्षीयालाई जीवितै उद्धार गरिएको थियो । भूकम्पको करिब एक सातापछि पीडितहरूलाई जीवित उद्धार गर्न सफल भएकामा उनीहरूले त्यसलाई चमत्कार भन्दै हर्ष प्रकट गरेका छन् ।

दक्षिणी टर्कीमा केही परिवार हराइरहेका आफ्ना परिवारको खोजीमा उद्धारकर्मीसँगै जुटेका छन् । शोकाकुल अर्को परिवार चिहानमा परिणत खेतमा बिलौना गरिरहेको छ । उक्त खेतमा हजारौं शव व्यवस्थापन गरिएको छ ।

सुरक्षाको कारण देखाउँदै केही सहायता निकायले राहत सामग्री वितरण रोकेपछि दर्जनौंलाई लुटपाट मच्चाएको अभियोगमा पक्राउ गरिएको सरकारी समाचार समितिले जनाएको छ । जर्मनी र अस्ट्रेलियाले शनिबार केही स्थानमा राहत सामग्री वितरण स्थगन गरेका थिए । केही ठाउँमा झडप पनि भएको थियो ।

**२ करोड २६ लाख प्रभावित**

कहरामनमारसलाई केन्द्रबिन्दु बनाएर भएको ७.८ म्यागिन्च्युडको पहिलो भूकम्प र त्यसको केही क्षणपछि त्यति नै शक्तिशाली अर्को कम्पबाट तहसनहस भएको टर्की र सिरियाका दुई करोड २६ लाख मानिस प्रभावित भएका छन् ।

संयुक्त राष्ट्रसंघले टर्की र सिरियाका आठ लाख ७० हजार भूकम्पपीडितलाई तत्काल तातो खाना आवश्यक परेको बताएको छ । उक्त विश्व संस्थाले सिरियामा ५३ लाख मानिस घरबारविहीन भएका अनुमान गरेको छ । भूकम्पले दर्जनौं अस्पताल ध्वस्त भएका छन् ।

टर्कीको विपद् व्यवस्थापन निकायले देशका विभिन्न सामाजिक संस्थाका ३२ हजारभन्दा बढी स्वयंसेवकका साथै आठ हजार २९४ जना अन्तर्राष्ट्रिय उद्धारकर्मी खोज तथा उद्धारमा जुटेका जनाएको छ । टर्कीको गाजिन्टेपका चमेनागृहमा हजारौं स्वयंसेवक भूकम्पपीडितलाई खुवाउन हरसम्भव सहयोग गरिरहेका छन् । आफ्नो गाडीलाई नै शयन कक्षमा परिणत गरेर केही स्वयंसेवक सेवामा तल्लीन छन् ।

संयुक्त राष्ट्रसंघले कुर्दिश लडाकू र सिरियाली विद्रोही सक्रिय रहेका क्षेत्रमा मानवीय सहायता परिचालनमा अवरोध नगर्न आह्वान गरेको छ । साथै उक्त संस्थाले मानवीय सहयोग परिचलानमा सघाउन आग्रह पनि गरेको छ । राहत सामग्री ढुवानीका लागि ३५ वर्षपछि आर्मेनिया र टर्कीबीचको बाटो पनि खोलिएको छ । शनिबारदेखि उक्त बाटो सञ्चालनमा आएको हो ।

**एलेप्पोमा चिकित्सा सहयोग**

सहयोग वर्षौंको आन्तरिक द्वन्द्वका कारण कमजोर रहेको सिरियाको स्वास्थ्य सेवा प्रणाली नाजुक छ । त्यहाँ स्वास्थ्यलगायत राहत सामग्री परिचालनमा पनि विलम्ब भएको छ । विश्व स्वास्थ्य संगठनका प्रमुख आपत्कालीन स्वास्थ्य सामग्री र उपकरण लिएर भूकम्प प्रभावित एलेप्पो पुगेका छन् । उनले भूकम्पबाट अभिभावक गुमाएका बालबालिकालाई भेटेका छन् ।

सिरिया सरकारले पनि भूकम्प प्रभावित विद्रोही नियन्त्रित क्षेत्रमा मानवीय सहायता सामग्री ढुवानीको अनुमति दिएको छ । राजधानी दमास्कसमा विभिन्न देशबाट राहत सामग्री लिएर ५७ वटा विमान अवतरण गरेका त्यहाँका यातायातमन्त्रीले बताएका छन् ।

टर्कीले पनि सिरियासँगका दुई वटा नयाँ सीमा नाका खोल्ने बताएको छ । यसअघि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले सुरक्षा परिषद्लाई टर्की र सिरियाबीचका सीमा नाका खोल्ने अनुमतिका निम्ति आग्रह गरेका थिए ।

**जनमानसमा आक्रोश**

भूकम्पमा घर, परिवारसँगै सर्वस्व गुमाएका पीडित गुणस्तरहीन भवन निर्माता तथा सरकारीस्तरका उद्धार तथा राहतमा विलम्ब भएकामा जनसाधारण आक्रोशित भएका छन् । अधिकारीहरूका अनुसार १२ हजार १४१ भवन भत्केका वा गम्भीररूपमा क्षतिग्रस्त भएका छन् ।

टर्की सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कयौं निर्माण व्यवसायीलाई पक्राउ गरेको छ । अदाना सहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश दिएका छन् ।

सिरियाका भूकम्प प्रभावित क्षेत्रमा खाना, पानी, बस्नेस्थान, उपकरण केही नभएकाले सेवा प्रवाह हुन नसकेको चिकित्सकहरूले बताएका छन् । सिरियाका स्वास्थ्यमन्त्री हसन अल गब्बासले संयुक्त राष्ट्रसंघ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूलाई सहयोगका निम्ति आह्वान गरेका छन् ।

रेडक्रसको अन्तर्राष्ट्रिय समितिले सिरियन रेड क्रिसेन्टलाई आपत्कालीन मानवीय सहायतास्वरूप दुई लाख अमेरिकी डलर नगद उपलब्ध गराएको छ । साथै, समितिले भूकम्प प्रभावित क्षेत्रमा थप सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

सिरियाका लागि युरोपेली संघका राजदूतले भूकम्पपीडितलाई संघले पर्याप्त सहयोग नगरेको आरोपको खण्डन गरेका छन् । भूकम्प प्रभावित दुवै देशका लागि पर्याप्त सहयोग उपलब्ध गराउन संघ असफल भएको आरोप लगाउनु उचित नभएको उनले बताएका छन् । एक दशकभन्दा लामो समयदेखि संघले सिरियालाई निरन्तर सहयोग गर्दै आएको तथा भूकम्पले सिर्जना गरेको संकटको यो घडीमा अझ बढी सहायता सिरियाका निम्ति परिचालन गरिएको दाबी उनले गरेका छन् ।

विश्व बैंकले एक अर्ब ७८ करोड अमेरिकी डलर राहत सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले अन्तर्राष्ट्रिय समुदायलाई टर्कीका भूकम्पपीडितका लागि थप आर्थिक सहायता उपलब्ध गराउन आह्वान गरेका छन् । साथै उनले आगामी साता टर्की र सिरियाका निम्ति आर्थिक सहायता जुटाउन दातृ निकायको सम्मेलन आयोजना गर्ने घोषणा गरेका छन् ।

उद्धारकर्मीहरूले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार सिरिया र टर्कीमा २९ हजार ११७ जनाको मृत्यु भएको छ । टर्कीमा २४ हजार ६१७ जना तथा सिरियामा चार हजार ५०० जनाले ज्यान गुमाएका छन् । संयुक्त राष्ट्रसंघले महाभूकम्पबाट ५० हजारले ज्यान गुमाएका अनुमान गरेको छ । गत सोमबारदेखि आइतबारसम्म टर्कीमा दुई हजार ३५६ परकम्प महसुस गरिएको छ । *रासस/एएफपी*

# ग्रीसका विदेशमन्त्री टर्कीको भ्रमणमा

**एथेन्स–** गत सोमबारको भूकम्पबाट क्षतविक्षत भएको टर्की सरकार तथा त्यहाँका जनताप्रति ऐक्यबद्धता जनाउन ग्रीसका विदेशमन्त्री निकोस डेन्डिया टर्की भ्रमणमा गएका छन् ।

हेलिकप्टरबाट टर्कीको भूमिमा ओर्लंदा उनलाई टर्कीका उनका समकक्षी मेभलुत काभुसोग्लुले स्वागत गरे । लामो समयदेखि दुवै देशबीच प्रतिद्वन्द्वता रहे पनि प्राकृतिक विपत्तिको यो विषम परिस्थितिमा सहयोग गर्न ग्रीसका विदेशमन्त्री टर्की गएका हुन् । भूकम्प प्रभावित क्षेत्रको पनि उनले भ्रमण गर्ने कार्यक्रम छ ।

ग्रीसका विदेशमन्त्री डेन्डिया भूकम्पपछि टर्कीको भ्रमण गर्ने युरोपेली मुलुकको पहिलो मन्त्री हुन् । ग्रीसका उद्धारकर्मीले खोज तथा उद्धारमा सहयोग गरिरहेका अन्टाक्याका केही स्थानमा दुवै देशका मन्त्री पुगेका छन् । ग्रीसले धेरै राहत सामग्री टर्कीलाई उपलब्ध गराएको छ । हालसम्म उसले ८० टन औषधि तथा प्राथमिक उपचारका सामग्री प्रदान गरिसकेको छ ।

टर्कीको पूर्वी भाग र छिमेकी सिरियामा गत सोमबार भएको भूकम्पमा परी २९ हजार ११७ जनाको मृत्यु भएको छ भने हजारौं घाइते भएका छन् । टर्कीमा २४ हजार ६१७ जनाको ज्यान गएको छ भने सिरियामा चार हजार ५०० जना मारिएका छन् । *रासस/एएफपी*

# सडक दुर्घटनामा प्रहरीसहित ७ को मृत्यु

**मनिला-** दक्षिणी फिलिपिन्समा शनिबार भएको सवारी दुर्घटनामा छ जना प्रहरी अधिकृतसहित सात जनाको मृत्यु भएको छ भने अन्य २२ जना घाइते भएका छन् ।

मिसामिस ओरिएन्टल प्रान्तमा दुईवटा यात्रुवाहक भ्यान दुर्घटना हुँदा उनीहरूको ज्यान गएको प्रहरीले जनाएको छ । दुवै भ्यान इलिगान सिटीबाट कागायन डे ओरो सिटीतर्फ गइरहेका बेला मालबाहक ट्रकलाई उछिन्न खोज्दा उक्त दुर्घटना भएको हो । दुर्घटनामा १९ जना प्रहरी घाइते भएका छन् भने एक जनाको अवस्था गम्भीर छ ।

यसैबीच, जापानको तोचिगी प्रिफेक्चरस्थित तीनवटा आवासीय घरमा आगलागी हुँदा दुई जनाको मृत्यु भएको छ । आइतबार बिहान तीनवटा घरमा आगो लाग्दा दुई जना पुरुषको ज्यान गएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । तीनवटै घर पूर्णरूपमा नष्ट भएका छन् । तीनघण्टापछि आगो निभाइएको थियो । सुरक्षा अधिकारीहरू आगलागीको कारण पत्ता लगाउन तथा मृतकको पहिचानमा जुटेका छन् । *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JADDARAH RECRUITMENT COMPANY

पुर्व स्वीकृति मिति २०७८/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT. No. 247560 | चलानी नं. ६०१७१०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General labor | 52 | 0 | 1000 | ३५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १५ गते (27th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 280/058/059

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)

P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति: २०७९/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT No :276982 | चलानी नं. ६०१९२५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 2100 | ७५,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 5 | 0 | 2500 | ८९,७८० | | | | | | | |
| 3 | General Clean Worker | 2 | 0 | 1000 | ३५,९१० | | | | | | | |
| 4 | Labour | 3 | 0 | 1000 | ३५,९१० | | | | | | | |
| 5 | Representative | 2 | 0 | 2500 | ८९,७८० | | | | | | | |
| 6 | Supervisor | 1 | 0 | 2500 | ८९,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा रोजगारको अवसर

कम्पनी : LAUSANNE RESTAURANT TO SERVE MEALS

पुर्व स्वीकृति मिति २०७९/०६/१४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२९ | LT No.273045 | चलानी नं.६०१८८६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**

Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INFOTECH FOR EMPLOYMENT-SOLE PROPRIETORSHIP

पूर्व स्वीकृति मिति: २०७९/१०/२९ | LT No.280820 | चलानी नं ६०१९६४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Laborer | 100 | 0 | 800 | २८,७३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 50 | 0 | 1200 | ४३,०९५ | | | | | | | |
| 3 | Construction Carpenter | 50 | 0 | 1200 | ४३,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन ८ गते (20th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAPOORJI PALLONJI MIDEAST LLC

पूर्व स्वीकृति मिति : २०७९/१०/२४ | LT. No.280756 | चलानी नं. ६०१९६२०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 5 | 0 | 1500 | ५२,७७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Car Driver | 10 | 0 | 1300 | ४५,७३५ | | | | | | | |
| 3 | Construction Labor | 55 | 0 | 1000 | ३५,१८० | | | | | | | |
| 4 | Truck Driver | 5 | 0 | 1500 | ५२,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मिति:
जनकपुर धाम, धनुषा -(PIT Training Center Ramananad Chowk)मा मिति: २०७९ फागुन ५ गते (17th Feb. 2023) मा हुनेछ ।
जनकपुर धाम, धनुषा -(Ram Janaki Training Center Zeromail Chowk)मा मिति: २०७९ फागुन ६ गते (18th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653, Mobile: 9801007279, 9801053933
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम विवरण देहाय बमोजिम रहेको छ

| | | |
|---|---|---|
| क | निकायको स्वरुप र प्रकृती: | कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित वित्तीय संस्था । |
| ख | निकायको काम, कर्तव्य र अधिकार: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिम काम, कर्तव्य र अधिकार रहेको छ । |
| ग | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण: | वित्तीय संस्थामा १६६ जना कर्मचारी कार्यरत रहेका छन् र संस्थाले तोकेको कार्य विभीन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समुहको नाम र पद www.reliancenepal.com.np मा हेर्न सकिन्छ |
| घ | निकायबाट प्रदान गरिने सेवा: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिम राष्ट्रीय स्तरको 'ग' वर्गका वित्तीय संस्थाले दिनसक्ने सम्पुर्ण बैंकिङ्ग सेवाहरु २०६३ साल देखी दिईदै आएको छ । |
| ङ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी: | सेवा प्रदानगर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण www.reliancenepal.com.np मा उपलब्ध छ । |
| च | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी: | वित्तीय संस्थाले सेवा प्रदान गर्दा लिने शुल्क तथा दस्तुरको विवरण www.reliancenepal.com.np मा उपलब्ध छ । |
| छ | निर्णय गर्ने प्रक्रिया र अधिकारी: | वित्तीय कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले यस संस्थाको कर्जा निती निर्देशिकाको अधिनमा रही निर्णय गर्ने गरेको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको संचालक समिती अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ज | निर्णय उपर गुनासो सुन्ने अधिकारी: | ग्राहकहरुको गुनासो तथा उजुरी गर्नेको लागी हाल केन्द्रीय स्तरमा समाज प्रकाश श्रेष्ठ लाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरीएको छ ।<br>गुनासो सुन्ने अधिकारी: समाज प्रकाश श्रेष्ठ – का.मु. प्रमुख कार्यकारी अधिकृत<br>फोन नं.: ९८५१०५२४५५<br>साथै कुनै गुनासो भएमा सिधै samaj@reliancenepal.com.np मार्फत गुनासो राख्न सकिने व्यवस्था गीरएको छ । |
| झ | सम्पादन गरेको कामको विवरण: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिम राष्ट्रीय स्तरको 'ग' वर्गका वित्तीय संस्थाले गर्नसक्ने सम्पुर्ण बैंकिङ्ग तथा वित्तीय कारोवारहरु नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको अधिनमा रही सम्पादन भईरहेको छ । |
| ञ | सुचना अधिकारीको नाम र पद: | ग्राहकहरुलाई आवश्यक सुचना प्रदान गर्न निम्न अधिकारीलाई तोकीएको छ ।<br>सुचना अधिकारी: समाज प्रकाश श्रेष्ठ<br>पद: का.मु. प्रमुख कार्यकारी अधिकृत<br>फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७<br>इमेल: samaj@reliancenepal.com.np |
| ट | ऐन, नियम, विनियम वा निर्देशकको सुची: | प्रचलित सम्पुर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजीमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागी प्रमुख रुपमा रहेका छन् ।<br>१. नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ ।<br>२. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ ।<br>३. कम्पनी ऐन, २०६३ बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ ।<br>४. सम्पती शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ ।<br>५. धितोपत्र सम्बन्धी ऐन, २०६३, सुरक्षित कारोवार ऐन, २०६३ ।<br>६. विनियम अधिकार पत्र ऐन, २०३४ ।<br>७. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, आयकर ऐन, २०५८ ।<br>८. उपरोक्त ऐनहरु बमोजिमका सम्पुर्ण नियम तथा विनियमहरु ।<br>९. नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकिकृत निर्देशिकाहरु । |
| ठ | आम्दानी खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धि अद्यावधिक विवरण: | बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ भने वित्तीय संस्थाको वेवसाईट www.reliancenepal.com.np मा समेत रहेको छ । |
| ड | बैंकको का.मु. प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना: | बैंकको का.मु. प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।<br>श्री समाज प्रकाश श्रेष्ठ<br>का.मु. प्रमुख कार्यकारी अधिकृत<br>रिलायन्स फाइनान्स लिमिटेड<br>प्रदर्शनी मार्ग काठमाडौं, फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७<br>इमेल: info@reliancenepal.com.np |

**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको संस्था

केन्द्रिय कार्यालय
पो.ब.नं.: २०१३६, बि.जे.भवन, प्रदर्शनी मार्ग, काठमाडौं
फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

शाखा कार्यालयहरु:

• न्यूरोड, काठमाडौं: ०१ ५३४५१०४/१०५ • सितापाइला, काठमाडौं: ०१ ५२३३३९७ • इमाडोल, ललितपुर: ०१ ५२०१७०४
• बनेपा, काभ्रे: ०११ ६६३२४४ • शहिद चोक, नारायणगढ: ०५६ ५९६५९८ • टाडी, चितवन: ०५६ ५९३२६९ • महेन्द्रपुल, पोखरा: ०६१ ५८०९८३
• बेशीसहर, लम्जुङ: ०६६ ५२०८१५/८१६ • बैंकरोड, गोरखा: ०६४ ४२०२७८ • आरुघाट, गोरखा: ०६४ ४१०१७२/१७३
• वुटवल, रुपन्देही: ०७१ ५९०१७४ • मनिग्राम, रुपन्देही: ०७१ ५६२९०२ • भैरहवा, रुपन्देही: ०७१ ५९०९०१/९०२ • कोहलपुर बाके: ०८१ ५४२१५४/१७४
• महेन्द्रनगर, कञ्चनपुर: ०९९ ५२०४४० • अत्तरिया, कैलाली: ०९१ ५५००३३/०८४ • धनगढी, कैलाली: ०९१ ५२३४६२
• चाराली, झापा: ०२३ ४६०१०२ • दमक, झापा: ०२३ ५८२६०२/६०३ • विर्तामोड, झापा: ०२३ ५३०७४३/७४७ • धुलावारी, झापा: ०२३ ५६४३९१/३९२


वित्तीय सेवाको अर्को परिभाषा

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १०४००० | प्रति तोला - १०३५०० | प्रति तोला - १२९५ |








**बिक्रीमा केरा** | महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा गोदामबाट किनेर बिक्रीका लागि केरा तयार गर्दै व्यापारी ।

*तस्बिरः सञ्जितकुमार मण्डल/रासस*

## पुँजीबजारप्रति राष्ट्र बैंक नकारात्मक छैन : गभर्नर

■ प्रभाव संवाददाता



**काठमाडौं–** गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंक पुँजी बजारप्रति नकारात्मक नरहेको बताएका छन् । राजधानीमा आइतबार भएको नेपाल आर्थिक पत्रकार समाज (सेजन) अवार्ड कार्यक्रममा गभर्नर अधिकारीले राष्ट्र बैंक पुँजी बजारको विकास गर्न प्रतिबद्ध रहेको बताए ।

उनले सेयर बजार बढ्नु र कहिलेकाहीं घट्नु स्वाभाविक भएको बताउँदै पुँजी बजार हेर्ने छुट्टै केन्द्रीकृत नियमन निकायहरू भएको स्पष्ट पारे । 'राष्ट्र बैंकले नियमन गर्ने भनेको वित्तीय क्षेत्रभित्रका बैंक तथा वित्तीय संस्थाहरूमात्रै हुन्,' उनले भने, 'धितोपत्र बोर्डले पुँजी बजारलाई नियन्त्रण र अनुगमन गर्छ । नेपाली पुँजीबजारमा बाफियाभित्र ७० प्रतिशत संस्थाहरू समावेश भएको कारणले राष्ट्र बैंकले यी संस्थाहरूलाई गरेको रेगुलेशनको कारण कुनै न कुनै विषयले प्रभाव परेको होला ।' विदेशी मुद्रा सञ्चिती सन्तुलनमा राख्न आयात प्रतिबन्धको नीति लिएको तर त्यो सधैंका लागि नभएको बताउँदै उनले आयात बेसमा राजस्व संकलन हुने भएकाले सुधार गर्न आवश्यक रहेको औंल्याए ।

उनले बैंकहरूसँग भएको पुँजी उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने गरी नीति लिएकाले प्रत्यक्ष रूपमा सेयर बजारको विषयमा राष्ट्र बैंकले नबोलेको स्पष्ट पारे ।

**सेजन अवार्ड थापा र काफ्लेलाई**

यसवर्षको सेजन अवार्ड अन्नपूर्ण दैनिकका पत्रकारद्वय ममता थापा र सुरेन्द्र काफ्लेले पाएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले हरेक वर्ष प्रदान गर्ने सेजन अवार्डमा यसवर्ष विभिन्न विधामा छ आर्थिक पत्रकारले अवार्ड तथा पुरस्कार पाएका हुन् ।

यसवर्षको डा भोला चालिसे लिबरल जनर्नालिज्म अवार्ड कान्तिपुर दैनिकका अर्थ ब्युरो प्रमुख कृष्ण आचार्यले प्राप्त गरेका छन् । यसवर्षको सेजन ब्रोडकाष्ट मिडिया अवार्ड ग्यालेक्सी फोर के टेलिभिजनका विनय बन्जरा, सेजन प्रीन्ट मिडिया अवार्ड टक्सार म्यागजिनका प्रधान सम्पादक गजेन्द्र बुढाथोकी र सेजन डिजिटल मिडिया अवार्ड पहिचान मिडियाका ठाकुरप्रसाद दुलाल (माधव) ले प्राप्त पाएका छन् ।

यस वर्षको सञ्जय न्यौपाने आर्थिक पत्रकारिता फेलोसिप कारोबारदैनिकका कौशिला कुँवरलाई दिइएको छ ।

## नेप्सेमा उच्च अंकको गिरावट

### ६० अंकले परिसूचक घट्दा ३ अर्बभन्दा बढीको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा आइतबार उच्च अंकको गिरावट देखिएको छ । नेप्से ६० दशमलव ७७ अंकले घटेर दुई हजार एक सय २१ दशमलव ८६ कायम भएको छ ।

दुई सय ५३ वटा कम्पनीको ८१ लाख ३९ हजार आठ सय ४० कित्ता सेयर ५१ हजार दुई सय २६ पटक खरिदबिक्री हुँदा रू तीन अर्ब चार करोड ७७ लाख ३९ हजार आठ सय १२ बराबरको कारोबार भएको छ ।

सबै समूहको उपसूचकमा गिरावट देखिएको छ । सबैभन्दा धेरै जीवन बिमा समूहको उपसूचक तीन सय ५७ दशमलव १३ र निर्जीवन बिमा समूहको उपसूचक दुई सय ३८ दशमलव ३६ अंकले घटेको छ । बैंकिङ समूह २७ दशमलव ९७, विकास बैंक समूह एक सय ४१ दशमलव ५९, वित्त समूह ८४ दशमलव ७० र होटल तथा पर्यटन समूह ९० दशमलव ८७ अंकले घटेको छ ।

त्यस्तै, जलविद्युत् समूह एक सय १० दशमलव ६५, लगानी समूह दुई दशमलव ६३, उत्पादन तथा प्रशोधन समूह दुई सय २० दशमलव ७३ र लघुवित्त समूहको उपसूचक एक सय दुई दशमलव ७३ अंकले घटेको छ । आइतबार म्युचुअल फन्ड शून्य दशमलव १२, अन्य समूह ३७ दशमलव १६ र व्यापार समूह ४० दशमलव १६ अंकले घटेको छ ।

सबैभन्दा धेरै खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य चार दशमलव ४८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै गुमाउनेमा न्यादी ग्रुप पावर लिमिटेडको सेयर छ दशमलव ६० प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा हिमालय डिस्टिलरी लिमिटेडको रू १४ करोड ३७ लाख ६८ हजार आठ सय ९५ बराबरको कारोबार भएको छ ।

कारोबार भएका सेयर संख्याको आधारमा न्यादी ग्रुप पावर लिमिटेडको तीन लाख ७३ हजार आठ सय ५४ कित्ता सेयर खरिद बिक्री भएको छ ।

## दोल्ती पावरको आइपिओ ८ फागुनदेखि

**काठमाडौं (प्रस)–** दोल्ती पावर कम्पनीले फागुन ८ गतेदेखि आईपिओ निष्काशन गर्दै छ । कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगरीमा रहेका नेपालीहरूका लागि उक्त आइपीओ निष्कासन गर्न लागेको हो ।

कम्पनीले आयोजना अति प्रभावित क्षेत्र दैलेख जिल्लाको नोमुले र कालिका गाविसमा बसोबास गर्ने स्थानीय बासिन्दाहरूको लागि २ लाख ६८ हजार २४३ कित्ता छुट्याएको छ ।त्यस्तै, आयोजना प्रभावित क्षेत्र दैलेख जिल्लाको स्थानीय बासिन्दाहरूको लागि २ लाख ६८ हजार २४३ कित्ता सेयर बाँडफाँड गरीने कम्पनीले जनाएको छ। साथै, कम्पनीले सर्वसाधारणका लागी छुट्याइएको सेयरको १० प्रतिशतले हुन आउने १ लाख ७ हजार २९८ कित्ता सेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूका लागि निष्कासन गर्न लागेको हो ।

आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरूले उक्त आइपीओमा फागुन २५ गतेसम्ममा आवेदन दिन सक्नेछन् । सो अवधिसम्ममा पूर्ण आवेदन नपरेको खण्डमा आवेदन दिने म्याद चैत ७ गते सम्म लम्बिने कम्पनीले जनाएको छ ।

त्यसैगरी, वैदेशिक रोजगारमा रहेकाहरूले कम्पनीको आइपीओमा फागुन २५ गतेसम्म आवेदन दिन सक्नेछन्। उक्त आईपिओमा न्यूनतम १० देखि अधिकतम १० हजार कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

दोल्ती पावर कम्पनीले आइपिओ निष्काशनको लागि गराएको रेटिङ्गमा इक्रा नेपालले कम्पनीलाई इक्राएनपी आईआर डबल बी रेटिङ्ग प्रदान गरेको छ । यसले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा औषत जोखिम रहेको संकेत गर्दछ ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूले स्थानिय बासिन्दाले आयोजनाको कार्यालय नौमुले दैलेख, एनआइसी एसिया बैंकको नर्वाचवार कार्यालय दैलेख, ग्लोबल आइएमई बैंकको देवकोटा चोक दैलेख र प्रभु बैंकको देवेन्द्रचोक कार्यालय दैलेख शाखा कार्यालयबाट आवेदन दिन सक्ने छन् ।

## 'मौद्रिक नीतिले निजी क्षेत्रलाई उकास्न सकेन'

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल उद्योग परिसंघले चालु आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत नेपाल राष्ट्र बैंकले ल्याएका प्रावधानले निजी क्षेत्रको मनोबल उकास्न नसकेको जनाएको छ ।

परिसंघले आइतबार एक प्रेस विज्ञप्ति जारी गर्दै निजी क्षेत्रले गरेको अपेक्षाअनुसार मौद्रिक नीतिका व्यवस्थाहरू आउन नसकेको बताएको हो । 'निष्क्रिय कर्जामा भइरहेको वृद्धि, उच्च ब्याजदर आदिका कारण बजार अपेक्षित चलायमान हुन नसकि उद्योगी व्यवसायीको आत्मबल कमजोर भएको समयमा राष्ट्र बैंकबाट व्याजदरमा कमि ल्याई बजार चलायमान बनाउने गरी मौद्रिक नीति आउने सबैको अपेक्षा थियो । अर्धवार्षिक समिक्षाले निजी क्षेत्रको मनोबल आशा अनुरूप उच्च गर्न नसकेको हामीले महशुस गरेका छौं,' विज्ञप्तिमा भनिएको छ ।

यद्यपि, मौद्रिक नीतिको समीक्षाले साना तथा मझौला उद्योगलाई भने केही हौसला दिन खोजेको परिसंघको भनाइ छ । गत पुस मसान्तसम्म सक्रिय वर्गमा रहेको रू दुई करोडसम्मको कर्जालाई उद्योग व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी २०८० असार मसान्तभित्र पुनःसंरचना तथा पुनरतालिकिकरण गर्न दिने व्यवस्था सकारात्मक रहेको परिसंघको भनाइ छ । साथै सबै ऋणीको कर्जा पुनःसंरचना र पुनरतालिकीकरण गरिनुपर्ने सुझाव दिएको छ ।

'लामो समय देखिको विषम परिस्थिति, बजारको चर्को ब्याजदर, घट्दो बजार मागलगायत कारणले वित्तीय असन्तुलन भई कर्जाको साँवा तथा ब्याज भुक्तान गर्न नसकिरहेका सम्पूर्ण उद्योग व्यवसायलाई आगामी असार मसान्तभित्र पुनःसंरचना तथा पुनरतालिकिकरण गर्न दिनुपर्ने छ,' परिसंघले विज्ञप्तिमार्फत् भनेको छ । यो विषयलाई राष्ट्र बैंकले आगामी निर्देशनबाट सम्बोधन गर्नुपर्ने मागसमेत गरेको छ ।

राष्ट्र बैंकले दैनिक तरलता सुविधा अन्तर्गत ओभरनाइट तरलता सुविधा एक दशमलव पाँच प्रतिशत बिन्दुले कम गरेकामा यसले मुद्रा बजारको ब्याजदरमा केहि कमी ल्याउन सहयोग गर्ने परिसंघको बुझाइ छ ।

त्यस्तै, कर्जाको वर्गीकरणमा पुनरावलोकन गर्न र पुँजी सिर्जना गर्ने क्षेत्रमा लगानी बढाउनका लागि केही महत्वपूर्ण व्यवस्था गर्न आवश्यक रहेको परिसंघले जनाएको छ । बजारलाई चलायमान बनाइ पुँजीको सिर्जना गर्न साना, मझौलालगायत ठूला उद्योगमा कर्जाको सहज प्रवाह, पुँजी बजार, कमर्सियल हाउजिङ्ग तथा अपार्टमेन्टमा लगानी सहज बनाउन तथा विभिन्न लगानीमा एक सय ५० प्रतिशतसम्म जोखिम कम गर्नुपर्नेलगायतका विषयमा राष्ट्र बैंकले पुरानै प्रावधान कायम राखेको छ ।

अर्धवार्षिक समीक्षा पश्चात् आउने निर्देशनमा उल्लेखित विषयसमेत सम्बोधन गर्न परिसंघ पुनः नेपाल राष्ट्र बैंक समक्ष आग्रह गरेको छ ।

## कम्पोष्ट प्लान्टको लगानी बालुवामा पानी

**खोटाङ–** खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ सोल्मामा अढाइ करोड खर्च गरेर निर्माण गरिएको कम्पोष्ट प्लान्ट र वायोग्याँस प्लान्टबाट उपयोग विहिन बनेको छ । अर्गानिक नगर बनाउने अभियान अन्तरगत नगरपालिकाले नेपाल सरकार अर्थमन्त्रालयको विशेष अनुदान एवं प्रदेश सरकारको गरी करिब २ करोड ७० लाखको खर्चमा निर्माण गरेको दिक्तेल कम्पोष्ट प्लान्ट तथा नमुना कृषि श्रोत केन्द्रबाट उत्पादित मलप्रति किसानलाई आकर्षित गर्न नसक्दा लगानी प्रतिफल विहिन बन्न पुगेको छ ।

उत्पादित प्रांगारिक मलको उत्पादकत्वप्रति किसानको विश्वास नहुँदा र बजार मुल्या पनि बढी भएका कारण कम्पोष्ट प्लान्ट तथा नमूना कृषि श्रोतकेन्द्र उपयोग विहिन बन्न पुगेको हो । किसानले खपत नगरेपछि कम्पोष्ट प्लान्टबाट नियमित मल उत्पादन गर्न सकिएको छैन ।

प्रदेश नम्बर १ का तत्कालिन मूख्यमन्त्री शेरधन राईले तामझामका साथ २०७७ चैत २१ गते उद्घाटन गरेको दिक्तेल कम्पोष्ट प्लान्ट तथा नमुना कृषि श्रोत केन्द्रबाट हालसम्म प्रतिवटा १५ केजीको ४३५ बोरा मल मात्र उत्पादन गरिएको छ । जवकी प्लान्टबाट प्रतिघण्टा एक हजार केजी कम्पोष्ट मल उत्पादन गर्ने लक्ष्य राखिएको थियो । उत्पादित मलको मूल्या प्रतिबोरा पाँच सय निर्धारण गरिएको छ ।

हालसम्म उत्पादन भएका मलमध्ये करिब ४० बोरा मात्र 'क्याँस' बिक्री भएको छ । १५० बोरा मल नगरपालिको दिक्तेलस्थित सपिङ कम्प्लेक्समै थन्काइएको छ । अन्य मल अनुदानमा किसानलाई वितरण गरिएको नगरपालिकाले जनाएको छ । कम्पोष्ट प्लान्टबाट उत्पादित मल गोठकोभन्दा कैयौं गुणा मलिलो भएपनि महत्व बुझाउन नसक्दा किसानले बेवास्ता गरेको दिक्तेलका किसान भूमीराज खत्री बताउँछन् । 'कम्पोष्ट प्लान्टको प्रांगारिक मल उपयोगी छ । मैले प्रयोग गरेर हेरें । गोठको गोबरभन्दा कैयौं गुणा राम्रो छ,' खत्रीले भने, 'तर यसको महत्व बारे किसानलाई बुझाउन सकिएको छैन । नगरका सबै किसानले प्रयोग गर्ने हो भने मलको माग धान्न गाह्रो हुन्थ्यो ।'

विशेषगरी दिक्तेलबजार, सोल्मा लगायतका ठाउँबाट निस्कने कुहिने, सड्ने र मक्किने वस्तुलाई खरिद गर्ने र प्रशोधन गरेर कम्पोष्ट मल उत्पादन गर्ने तथा मानव मलमुत्रबाट वायोग्याँस उत्पादन गर्ने लक्ष्यकासाथ कम्पोष्ट र वायोग्याँस प्लान्ट निर्माण गरिएको हो । कम्पोष्ट प्लान्ट र वायोग्याँस प्लान्ट उद्घाटन अघिपछि सामान्य मात्रामा मल उत्पादन गरिए । तर नगरपालिकाले उचित व्यवस्थापन गर्न नसक्दा कम्पोष्ट तथा वायोग्याँस प्लान्टबाट नियमित मल उत्पादन गर्न नसकिएको हो ।

कम्पोष्ट प्लान्टको मललाई किसानले आफ्नो गोठको मल सरह ठानेका छन् । जसका कारण किसानले कम्पोष्ट प्लान्टको मल खरिद गर्न रुचाएनन् । खपत नै नभएपछि नियमित मल उत्पादन गर्न नसकिएको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका कृषि शाखाका कृषि प्रशार अधिकृत तेजप्रकाश जैसीले बताए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ